का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ कात्तिक २०८१,
शनिबार
9 November, 2024
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २६० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# शेखरको संकट

नेपाली कांग्रेसको नेतृत्व हत्याउँदै देशकै प्रधानमन्त्री बन्ने अधुरो सपना लिएर हिँडिरहेका डा. शेखर कोइराला यतिबेला भयंकर ठूलो छटपटीमा देखिन्छन् । एमालेसँगको सत्ता साझेदारीबारे उनी न विरोध न खुलेर समर्थनको अवस्थामा छन् ।



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २३ कात्तिक ।

प्रमुख सत्ता साझेदार नेपाली कांग्रेसका केही युवाहरुले शुक्रबारदेखि मेची-महाकाली संकल्प यात्रा थालेका छन् । कांग्रेस नेता भूपेन्द्रजंग शाहीको नेतृत्वमा केही युवाहरुले झापाबाट शुरु गरेको यो संकल्प यात्रा सुदूरपश्चिमको कञ्चनपुर पुगेर टुंगिनेछ । अभियान उद्घाटन कांग्रेस झापाका सभापति देउमान थेवेले गरे ।

शाही नेतृत्वको अभियानलाई उनीहरुले कांग्रेसकै युवा अभियान भनेर प्रचार गरिरहेका छन् । तर कांग्रेस युवा अभियान भनिएकोमा कांग्रेसभित्रै असन्तुष्टि छ । एक नेताका अनुसार यो कांग्रेसभित्र एउटा समूहको अभियान हो ।

'डा.शेखर कोइराला निकट केही युवाहरुले थालेको अभियानलाई कांग्रेसकै अभियान भनेर प्रचार गरिनु भएन' ती नेता भन्छन्, 'पार्टीले यस्तो अभियान राखेकै छैन ।' उनका अनुसार डा. शेखरको प्रचार र स्थानीय स्तरमा माहोल बनाउन युवा अभियान भनिएको हो । कांग्रेस संस्थापन इतरमै रहेका यी नेता भन्छन्, 'अहिले कांग्रेस सरकारको प्रमुख साझेदार शक्ति हो, एमालेलाई विश्वासमा लिन पनि पार्टीले यस्ता कार्यक्रम सञ्चालन गर्न सक्ने अवस्था छैन ।'

तर शुक्रबार सुरु भएको अभियानको उद्देश्य भ्रष्टाचार उन्मुलन र सुशासन, महँगी र मूल्यबद्धि नियन्त्रण, युवालाई रोजगारी भएको यसमा आवद्ध नेताहरुले बताएका छन् । यी एजेण्डा उठाएर कुनैपनि अभियान हुनु र सरकारलाई खबरदारी गर्नु गलत होइन ।

यद्यपि कांग्रेसभित्र शेखर कोइरालाको विगतलाई आधार मान्दा भने यो अभियानलाई चासोका साथ हेर्न मिल्छ । डा. शेखर पार्टीको नेतृत्व हत्याउने लामै समयदेखि संघर्षरत छन् । पृष्ठ २ मा

# शिक्षा विधेयकमा अड्को

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका अधिकारीहरू विद्यालय शिक्षा विधेयकमा राजनीतिक तहमा जुटाउनुपर्ने विषय पहिचान गर्दैछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ कात्तिक ।

शिक्षा विधेयकमा राजनीतिक सहमति खोजिने भएको छ । प्रतिनिधि सभा अन्नतर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाका अनुसार विधेयकमाथि संशोधन हाल्ने सांसदहरूसँग छलफल भएको छ ।

'विद्यालय शिक्षा विधेयकमाथिका संशोधनकर्ता सांसदहरूसँगको छलफल सकिएको छ । अब दफवार छलफलमा जानुपर्ने हुन्छ । त्यसअगाडि राजनीतिक सहमति खोज्ने प्रयास गरिएको छ' सभापति थापाले भने ।

तत्कालीन शिक्षा विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राइले प्रतिनिधि सभामा दर्ता गरेको यो विधेयकमा सांसदहरूले १५२ समूहमा एक हजार ७५८ वटा संशोधन प्रस्ताव दर्ता गरेका थिए । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले यो विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गर्ने सांसदहरूसँग छलफल सकाएको हो ।

विधेयक, संविधान र संघीयताको मर्म अनुरुप समेत विधेयक नआएकाले समितिले छलफल गरेर मात्रै नटुंगिने सभापति थापा बताउँछन् । उनी भन्छन्, 'विद्यालय शिक्षा विधेयक संविधानसँग बाझिन्छ, संघीयता र नयाँ संविधानसँग मेल खाँदैन । यो विधेयक पश्चगामी छ । यसकारण विधेयकमाथि शीर्ष तहमा सैद्धान्तिक रुपमै छलफल हुन आवश्यक छ ।'



विद्यालय शिक्षा विधेयकमाथिका संशोधनकर्ता सांसदहरुसँगको छलफल सकिएको छ । अब दफावार छलफलमा जानुपर्ने हुन्छ । त्यसअगाडि राजनीतिक सहमति खोज्ने प्रयास गरिएको छ ।

**अम्मरबहादुर थापा**
**सभापति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**

सभापतिले नै विधेयकलाई संविधान र संघीयताको मर्म अनुरुप नरहेको मत राख्दै आएकाले सभामुख देवराज घिमिरेले चासो दिएर राजनीतिक सहमतिका लागि पहल लिने गरी अग्रसरता लिएका छन् ।

सभामुख घिमिरेले यसअघि नै विद्यालय शिक्षा विधेयकमा राजनीतिक तहमा सहमतिका लागि प्रयास गर्ने प्रतिवद्धता जनाएका छन् । यहि कात्तिक ६ गते संसदीय समितिका सभापति अम्मरबहादुर थापासहितलाई सभामुख घिमिरेले यो विधेयकमा राजनीतिक सहमति जुटाउनुपर्ने विषय पहिचान गरेर लिखित रुपमा उपलब्ध गराउन निर्देश गरेका थिए ।

विद्यालय शिक्षा विधेयक संविधान कार्यान्वयनसँग जोडिएको विधेयक पनि हो । यसकारण यसमा राजनीतिक सहमति जुटाएर अगाडि जानु उचित हुने भनेर सभामुखले नै चासो दिएका पृष्ठ २ मा

## निरीह सहकारी पीडित

# रास्वपाप्रति आक्रोश सरकारसँग अविश्वास



सरकारले चाहने हो भने जिबी राईलाई तत्काल समातेर बचत फिर्ताको शुरुवात गराउन सक्छ । तर न सरकार बचतकर्ताको बचत रकम फिर्ता गर्ने तर्फ छ न राजनीतिक दलहरु । उनीहरु केबल राजनीति गरिरहेका छन् ।

**किरण श्रेष्ठ**
**संयोजक, सूर्यदर्शन बचत पीडित संघर्ष समिति**

**शिव विक/मध्यान्ह**
काठमाडौं, २३ कात्तिक ।

सहकारी समस्या समाधानका लागि सरकारले विभिन्न संयन्त्र बनाएको छ । संकटग्रस्त सहकारी घोषणा गरेर बचतकर्ताको फिर्ताको पहल लिइरहेको छ । कानुनमा सुधारका सरकारले बिहीबार मात्रै प्रदेश स्तरीय सहकारी ऐन संशोधन सुझाव समिति गठन गर्ने निर्णय गरेको छ ।

सहकारीको ठगीमा संलग्न रहेको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभाति रवि लामिछाने सहितका व्यक्तिहरु प्रहरी हिरासतमा छन् । यी गतिविधिलाई देखाएर सरकारले सहकारी समस्या समाधानका लागि पहल लिएको दाबी गर्दै आएको छ । तर पीडितहरु पीडा पोखिरहेका छन । सरकारले सहकारी पीडितका लागि काम गर्ने प्रतिवद्धता जनाएतापनि बचत फिर्ता पाउन नसकेको उनीहरूको गुनासो छ । सहकारी पीडिहरूले शुक्रबार कास्कीको पोखरामा पत्रकार सम्मेलन नै गरेर सरकार माथि नै अविश्वास प्रकट गरे ।



शुक्रबार पोखरामा सूर्यदर्शन बचत पीडित संघर्ष तथा तदर्थ समिति तथा सहकारी बचत पीडित समितिले पत्रकार सम्मेलन गरेका हुन् । उनीहरूले रास्वपाले सहकारी पीडितको बदनाम गरिरहेको आरोप लगाए । सहकारी पीडितको लागि भनेर रास्वपाले सभापतिको बचाउका लागि आन्दोलन गर्दै आएको र यसले आफूहरुको मानमर्दन भएको भन्दै आक्रोश पोखे ।

सूर्यदर्शन बचत पीडित संघर्ष समितिका संयोजक किरण श्रेष्ठ कहिले पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# चर्को हवाई भाडा वृद्धिको विरोधमा तीन मन्त्रीलाई व्यवसायीको ज्ञापनपत्र

## भारतबाट उड्न सहजीकरण गरिदिने, भैरहवा प्राथमिकतामा, प्रधानमन्त्रीसँग पनि छलफल हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ कात्तिक

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन सरकारको प्राथमिकता भएपनि बढ्दो हवाई भाडाको मारबाट बचाउन नेपाली कामदारलाई भारतीय विमानस्थलबाट श्रम गन्तव्यमा जानका लागि परराष्ट्र मन्त्रालयले सहजीकरण गरिदिने बताएको छ ।

पछिल्लो केही दिनयता अन्तर्राष्ट्रिय हवाई भाडामा अस्वभाविक वृद्धि भएसँगै शून्य लागतमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूले एक लाख हाराहारीमा हवाई



टिकटका लागि खर्च गर्नुपर्ने बाध्यता छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले शुक्रबार परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डेलाई भेटेर नेपालबाट खाडी मुलुक र मलेसियामा वैदेशिक रोजगारीका लागि जाने श्रमिकहरूले अस्वभाविकरूपमा चर्को हवाई भाडा तिर्नुपरेको भन्दै उनीहरूलाई आर्थिक बोझबाट बचाउन सरकारले सिण्डिकेट र कार्टेलिङ गरी भाडा बढाइरहेका ट्राभल्स एजेन्सीहरूमाथि कडाइ गरिदिन आग्रह गरेका छन् । सरकारले शुक्रबारदेखि त्रिभुवन अन्तर्राष्ट्रिय पृष्ठ २ मा

### एयरपोर्टको सेटिङबारे एशोसिएसनद्वारा गृहमन्त्रीको ध्यानाकर्षण



**काठमाडौं/मस–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमनबाट भिजिट भिसामा नेपालीहरू असुरक्षितरूपमा वैदेशिक रोजगारमा गएकोमा गृहमन्त्री रमेश लेखकको ध्यानाकर्षण गराउँदै त्यसलाई रोक्न माग पृष्ठ २ मा

## सवारी दुर्घटनामा एकैदिन

# ११ जनाको मृत्यु, ३२ घाइते

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २३ कात्तिक ।

चितवन, दैलेख र पाँचथरमा भएको सवारी दुर्घटनामा परेर ११ जनाएको मृत्यु भएको छ । ३२ जना घाइते भएका छन् ।

चितवनस्थित नारायणगढ-मुग्लिन सडकखण्ड अन्तर्गत सत्रकिलोमा भएको सवारी दुर्घटनामा परेर पाँच जनाको मृत्यु भएको छ ।

मुग्लिङबाट नारायणगढका लागि छुटेको बागमती प्रदेश ०६-००१ ज ०२९८ नम्बरको इलेक्ट्रिक हायस र नारायणगढबाट मुग्लिङका लागि छुटेको बागमती प्रदेश ०३-००१ ख २८१२ नम्बरको बस ठोक्किएर दुर्घटना भएको हो ।

उक्त दुर्घटनामा परेर मृत्यु हुनेमा गोरखाको आरुघाट गाउँपालिका-१ मान्बुका ४२ वर्षीय राजबहादुर गुरुङ र माइक्रोबस चालक चितवनको खैरहनी नगरपालिका-४ का ४० वर्षीय अनोज अधिकारी रहेका छन् । विनय त्रिवेणी गाउँपालिका-४ स्थित बगैंचाका ३५ वर्षीय सन्तोष भुसाल, सोही ठाउँकी ३३ वर्षीया सविना भुसाल र भारत घर भई पोखरामा किसाना पसल गर्दै आएका ३६ वर्षीय राजकुमार साहको पनि मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता डिएसपी भेषराज रिजालका अनुसार मृतक सबै माइक्रोबसमा सवार यात्रु हुन् ।

एक जना गम्भीर घाइते छन् । गम्भीर घाइतेको भरतपुरमा रहेको कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पतालमा उपचार भइरहेको छ । अन्य चार जना घाइते भएका छन् । ति चार जना भने उपचारपछि डिस्चार्ज भएका छन् ।

चितवनमै शुक्रबार बोलेरोले साइकललाई ठक्कर दिंदा साइकलयात्रीको मृत्यु भएको छ । भरतपुर महानगरपालिका-५ स्थित नयन चोकमा शुक्रबार मध्यान्न १२ बजे ना४च ६९५१ नम्बरको बलेरोले साइकललाई ठक्कर दिँदा साइकल चालकको मृत्यु भएको हो । मृत्यु हुनेमा पर्सा सखुवापर्सौनी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२४ कार्तिक २०८१, शनिबार
9 November 2024, Saturday

# धनगढीका सुरेशकुमार पोर्चुगलमा बेपत्ता खोजी गरिदिन परिवारको आग्रह

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २३ कात्तिक

वैदेशिक रोजगारीको सिलसिलामा पोर्चुगल आएका एक नेपाली युवा बेपत्ता भएका छन् । पोल्याण्ड हुँदै दुई वर्ष अघि पोर्चुगल आएका कैलालीस्थित धनगढी उपमहानगरपालिका-१२ का २८ वर्षीय सुरेशकुमार ओझा चार महिनादेखि बेपत्ता भएका हुन् । ओझा गत जुलाई ५ तारिखदेखि सम्पर्कविहीन भइ बेपत्ता भएको सुदूरपश्चिमेली नेपाली समाज पोर्चुगलका अध्यक्ष दीपेश विष्टले जानकारी दिए ।

राजधानी लिस्बनस्थित एक रेष्टुराँमा काम गर्दै आएका उनी



सात महिनाअघि एकाएक बेवारिसे भएका थिए ।

बेवारिसे भएका ओझालाई मेट्रो स्टेसनबाट नाजुक अवस्थामा उद्धार गरी लिस्बनस्थित एक होस्टेलमा खाने बस्ने व्यवस्था मिलाएर राखिएको भएपनि होस्टेलबाटै भागेर बेपत्ता भएको विष्टले बताए ।

'हामीले धेरै पटक उनको उद्धार गर्यौं । परिवारको आग्रहमा नेपाल पठाउने तयारी पनि गरेका थियौं । तर, उनी एकाएक सम्पर्कविहीन भई बेपत्ता भए', विष्टले भने।

समाजको पहल र व्यवस्थापनमा होस्टेलमा बस्दै आएका उनी गत जुलाईदेखि सम्पर्कबिहीन भएका हुन् । हाल उनको खोजीकार्य भइरहेको र पोर्चुगलमा क्रियाशील नेपाली संघ-संस्थालाई समेत उनको खोजबिनमा सहयोग गर्न आग्रह गरिएको विष्टले बताए ।

बेपत्ता भएका ओझा हालसम्म परिवार, आफन्तलगायत कोही कसैको सम्पर्कमा नआएको भन्दै उनको खोजी गरी नेपाल पठाइदिन परिवारले आग्रह गरेको उनले बताए । ओझाको परिवारमा वृद्धा आमा र पाँच दिदीबहिनी रहेका छन् । यसैबीच धनगढी उपमहानगरपालिकाका नगरप्रमुख गोपाल हमालले समेत सामाजिक सञ्जालमार्फत बेपत्ता भएका ओझाको खोजबिन र उद्धार गरिदिन पोर्चुगलवासी नेपालीसँग आग्रह गरेका छन् । नगरप्रमुख हमालले एक सूचना जारी गर्दै बेपत्ता ओझाको खोजबिन र उद्धारका लागि आग्रह गरेका हुन् ।

## शेखरको...

२०७८ मंसिर-पुसमा सम्पन्न १४औं महाधिवेशनमा शेखरले सभापति पदमै प्रतिस्पर्धा गरेका थिए ।

तर दोस्रोपटक पनि शेरबहादुर देउवाले सभापति जिते । देउवासँग शेखरले प्यानल बनाएरै प्रतिस्पर्धा गरेका थिए । तर उपसभापतिमा धनराज गुरुङ, महामन्त्रीमा गगन थापा लगायत केही पदाधिकारी जितेपनि शेखरले सभापति जित्न सकेनन् ।

देउवाले भने सभापति सहित केन्द्रीय समितिमा झण्डै ८० प्रतिशत जिते । यही बहुमतका आधारमा देउवाले पार्टी चलाउँदै आएका छन् । तर शेखरमा भने ठूलै छटपटी देखिन्छ । अझ एउटै प्यानलमा बसेर महामन्त्री जितेका गगन थापाले समेत शेखरसँग दुरी बढाएको देखिन्छ । महामन्त्री महामन्त्री विश्वप्रकाश शर्मा, महामन्त्रीमै पराजित प्रदीप पौडेल सहित नेताहरुको विश्वास लिएर गगन पार्टी गतिविधिमा सक्रिय छन् ।

तर १४औं महाधिवेशनमा आफूसँगै उभिएका नेताहरुको समेत विश्वास जित्न नसकेका शेखर कोइराला वर्तमान सरकारलाई खुलेर समर्थन वा विरोध गर्न सक्ने अवस्थामा छैनन् । किनकि सभापति देउवासँग आलोपालो गर्ने सहमतिमा एमाले अध्यक्ष ओली प्रधानमन्त्री छन् । यो सरकार फेर्दा फेरि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड अथवा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई प्रधानमन्त्री स्वीकार्नुपर्ने हुन्छ । यस्तो एजेण्डा अगाडि बढाउँदा कांग्रेसभित्र शेखरको पक्षमा मत बढ्ने देखिन्न । देउवालाई नै प्रधानमन्त्री बनाउनेगरी राजनीतिक समीकरण बनाउनु उल्टै राजनीतिक घाटाको यात्रा हो ।

बाँकी विकल्प हो, अरु कुनै दलको समर्थनमा आफै प्रधानमन्त्री हुने । तर बिगतका भूमिकाकै कारण शेखरलाई एमाले वा माओवादीबाट समर्थन जुट्ने देखिदैन । त्यसको एउटा उदाहरण हो, कोशीको मुख्यमन्त्री प्रकरण ।

गत वर्ष कांग्रेस र माओवादीको सत्ता हुँदा कोशीमा केदार कार्की मुख्यमन्त्री बनेका थिए । देउवालाई माओवादीलाई मुख्यमन्त्री छोड्दा एमालेको समर्थन पाएर शेखर निकट केदार मुख्यमन्त्री भए । तर पछि एमालेलाई धोका दिनेगरी शेखर अगाडि बढे, केदारलाई कांग्रेस-माओवादीकै समर्थन प्राप्त भयो । यो प्रकरणमा शेखरले एकैपटक एमाले र माओवादी नेताहरुको विश्वास गुमाए ।

त्यसैकारण अप्ठ्यारोमा परेका शेखर आफू निकट नेताहरु जिल्लाजिल्ला परिचालन गरेर माहोल बनाउने रणनीति देखिए ।

## शिक्षा...

हुन् । सभामुख घिमिरेले समितिले सक्ने जति पहल लिन र शीर्ष तहमा छलफल आवश्यक रहेको विषय पहिचान गरेर लिखित रुपमा आफूलाई दिन आग्रह गरेका हुन् । त्यसदिन उनले भनेका थिए, मिल्न सक्ने विषय मिलाउनुस् । के-के मा अप्ठ्यारो भएको हो, त्यो मलाई दिनुस् । राजनीतिक दलका बीचमा सहमति जुटाउनुपर्ने विषयबारे लिखित पाएपछि म शीर्ष तहमा छलफल गर्छु ।' प्रधानमन्त्री, विपक्षी दलका नेता र प्रमुख सत्ता घटक दलका शीर्ष नेताहरूलाई बोलाएरै छलफल गर्ने सभामुख घिमिरेको आश्वासन छ ।

शिक्षा विधेयकमा नमिलेका वा शीर्ष तहमा छलफल गर्न आवश्यक विषय पहिचान गर्न सभामुख घिमिरेले शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, संसदीय समिति (शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति) सभापति थापा र समितिका सचिव दशरथ धमलालाई जिम्मेवारी नै तोकिदिएका छन् ।

नेताहरूका अनुसार सभामुख घिमिरेको निर्देशन अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका अधिकारीहरू विद्यालय शिक्षा विधेयकमा राजनीतिक तहमा जुटाउनुपर्ने विषय पहिचान गर्दैछन् ।

## रास्वपाप्रति...

नक्कली सहकारी बचत पीडित भन्ने, कहिले आफ्नो पैसा लेनदेनमार्फत फिर्ता लिइसकेका भन्ने, कहिले आन्दोलनका लागि भन्दै पैसा उठाएको भन्ने गरेर पीडितहरूको मानमर्दन गर्ने काम भइरहेको बताए । पीडितहरूको आन्दोलनलाई पार्टीको संज्ञा दिएर पार्टीहरूबीचको द्वन्द्व जस्तो देखाएर आफूहरूको पीडाको अवमुल्यन गर्ने काम भइराखेको भन्दै उनले आक्रोश पोखे । २०८० साल साउनपछि एक रुपैयाँ पनि कसैले फिर्ता नपाएको तर, यसप्रति कसैको ध्यान जान नसकेको उनीहरुको गुनासो छ । सत्तारुढ दलहरू पनि सहकारी पीडितको आन्दोलनलाई आफ्नो पक्षमा पार्ने प्रयासमा लाग्ने र त्यसले आफूहरुको बदनाम गराउने उनीहरुको दुःखेसो छ ।

संयोजक श्रेष्ठले आफूहरूमाथि लागेको पार्टीको कार्यकर्ता भएको आरोपको खण्डन गरे । आफूहरू बचत फिर्ताका लागि मात्रै संघर्ष समिति बनाएर आन्दोलनमा गएको बताए । उनले पत्रकार सम्मेलनमा भनेका छन्, 'हामीलाई नेता बन्नु पनि छैन । कुनै पार्टी र त्यसका नेतालाई उचाल्ने र पछार्ने गर्नु पनि छैन । हाम्रो एउटै उद्देश्य जसरी हुन्छ अपचलन भएको बचत रकम फिर्ता गर्नु हो ।'

सहकारी बचत पीडित संघर्ष तथा तदर्थ समितिका अधिकारीहरूले सरकारले पनि सहकारी बचत पीडितहरूको बचत रकम फिर्ता दिनेबारे परिणम दिने गरी चासो नदिएको गुनासो गरेका छन् ।

मान्छे पक्राउ गरेर प्रतिशोध साँध्ने र बार्गेनिङ गर्नेतर्फ लागेको हो कि भन्ने आशंका आफूहरुलाई पनि परेको उनीहरूको भनाइ छ । संयोजक श्रेष्ठले पत्रकार सम्मेलनमा भनेका छन्, 'सरकारले चाहने हो भने जिबी राईलाई तत्काल समातेर बचत फिर्ताको सुरुवात गराउन सक्छ । तर, न सरकार, बचतकर्ताको बचत रकम फिर्ता गर्नेतर्फ छ न राजनीतिक दलहरु । उनीहरु केवल राजनीति गरिरहेका छन ।'

## चर्को ...

विमानस्थलको स्तरोन्नति गर्न शुरूवात गरेपछि नेपालीको रोजगारीका प्रमुख गन्तव्यहरू सबैको हवाई भाडा तीन गुणाले वृद्धि भएको छ । ३० देखि ३५ हजार लाग्ने दुबईको भाडा ८० हजार, ४० देखि ४५ हजार लाग्ने साउदी अरबियाका रियाद र दमामका लागि एकतर्फी ८० हजार रुपैयाँभन्दा माथि पुगेको छ । ४५ हजार रहेको कुवेतको भाडा १ लाख नाघेको छ भने ३५-४० हजार रहेको कतारको भाडा बढेर ८० हजार बढी पुऱ्याइएको छ । त्यस्तै मलेसियाको एकतर्फी भाडा ३५ हजारबाट ६५ हजार पुगेको छ । मध्य कात्तिक स्वभाविकरूपमा केही मात्रामा भाडा वृद्धि हुने सिजन भएपनि यस पटकको हवाई भाडामा वृद्धि अस्वभाविक र मनोमानी रहेको व्यवसायीहरुको आक्रोश छ ।

ज्ञापनपत्र बुझाउँदै संघका अध्यक्ष राजेन्द्र भण्डारीले केही ट्राभल एजेन्सी र एयरलाइन्सहरूको मिलेमतोमा खाडी तथा मलेसिया हुने उडानका टिकट मूल्य कृत्रिमरूपमा बढाइएको बताए । संघ अध्यक्ष भण्डारी तथा लोकतान्त्रिक एशोसिएसनका संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाटले छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै हवाई भाडा नघटे नेपाली कामदार वैदेशिक रोजगारमा जान नसक्ने र त्यसलगत्तै नेपाल आइरहेको रेमिट्यान्स र नेपाली श्रम बजारमा अत्यन्तै नकारात्मक असर पार्ने बताए ।

संघका पूर्वअध्यक्ष विमल ढकालले दूतावासका कतिपय कर्मचारीले कुटनीतिक मर्यादा नाघेर भिसाको व्यापार गर्ने गरेको प्रति ध्यानाकर्षण गराए । यस्तै एशोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपानेले हवाई टिकटको कार्टेलिङले कामदार पठाउनै नसकिने अवस्थामा पुऱ्याएको भन्दै एयरलाइन्स र ट्राभल एजेन्सीको बदमासीप्रति सरकार कठोर हुनुपर्ने आग्रह गरे ।

व्यवसायीको भनाइ सुनेपछि परराष्ट्रमन्त्री राणाले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन सरकारको प्राथमिकतामा भएपनि श्रम स्वीकृति भएका कामदार भारतीय विमानस्थलबाट उड्न कुनै समस्या भए मन्त्रालयले सहजीकरण गरिदिने बताइन् । भिजिट भिसामा जानेलाई मात्रै नेपाली दूतावासको नो अब्जेक्सन लेटर अनिवार्य गरिएको भन्दै उनले अन्यलाई उडानमा कुनै समस्या नरहेको बताइन् । उनले यस विषयमा शुक्रबार नै प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि छलफल गर्ने जानकारी दिइन् ।

त्यसैगरी व्यवसायीले युरोपका मुलुकहरूमा नेपाली कामदारका लागि रहेका रोजगारीमा पनि मागपत्र प्रमाणीकरण नभएका कारण वैधानिकरूपमा जान नपाएको र खाडी तथा मलेसियाका दूतावासका कर्मचारीले मागपत्र प्रमाणीकरण गर्दा तजबीजी शैली अपनाएर रोजगारदाता र व्यवसायीहरूलाई मानसिक तथा आर्थिक दबाब दिएको विषय छलफलमा उठाए । व्यवसायीहरुले नेपाली दूतावासहरूले लागू गरेको एफइआइएमएस प्रणाली वैदेशिक रोजगार विभागले प्रयोग गरिरहेको फेमिससँग तालमेल नमिलेको भन्दै फेमिसमार्फत मागपत्र प्रमाणीकरण गर्ने व्यवस्था गर्नुपर्ने माग गरे । जवाफमा मन्त्री राणाले बद्मासी गर्ने कर्मचारीका सम्बन्धमा शिकायत दर्ता गराउन आग्रह गरिन् ।

छलफलपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संयोजकत्वमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र परराष्ट्र मन्त्रालय सदस्य रहने गरी एक समिति गठन गरिने आश्वासन मन्त्री राणाले दिइन् ।

छलफलमा संघका अध्यक्ष भण्डारी, महासचिव मेघनाथ भुर्तेल, संघका पूर्वअध्यक्षहरु तिलकबहादुर रानाभाट, एशोसिएसनका पूर्वअध्यक्षहरू किरण किशोर घिमिरे, कुमुद खनाल, संघका पूर्वमहासचिव सुजित कुमार श्रेष्ठ, एशोसिएसनका वरिष्ठ उपाध्यक्ष विनोदजंग केसी, उपाध्यक्ष सेवन्त न्यौपाने, महासचिव महेशकुमार बस्नेतलगायतको सहभागिता रहेको थियो ।

## एयरपोर्टको...

गरेको छ । शुक्रबार गृहमन्त्री लेखकलाई उनकै कार्यकक्षमा भेटेर ज्ञापनपत्र बुझाउँदै एशोसिएसनले नेपाल सरकारले पटक-पटक प्रतिबद्धता जनाएको भएपनि वैदेशिक रोजगारका लागि भिजिट भिसामा जाने प्रवृत्ति रोक्न नसकेको भन्दै कडाइ गर्न माग गरेको हो ।

एशोसिएसनका तर्फबाट संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाटले बुझाएको ज्ञापनपत्र वाचन गर्दै महासचिव महेशकुमार बस्नेतले सरकारले विभिन्न परिपत्र जारी गरेपनि व्यवहारमा सरकारी प्रयास असफल देखिएको र भिजिट भिसामा असुरक्षितरूपमा जाने क्रम निरन्तर रहेको बताए । केही महिनाअघि नक्कली कागजातसमेत बनाएर नेपाली युवायुवतीलाई पठाएको अभियोगमा प्रहरीले नेपाल वायुसेवा निगमका अधिकृतसहित काठमाडौंबाट ६ वटा ट्राभल्स एजेन्सीका सञ्चालकलाई पक्राउ गरेपछि केही सुस्त बनेको भिजिट भिसाको ठगी धन्दा पुनः संगठित बनेको बताउँदै एशोसिएसनले भिजिट भिसामा गइ वैदेशिक रोजगारमा जोडिने सपनाले धेरैलाई ठगीमा पारेको बताएको छ ।

मानव तस्करीमा संलग्न गिरोहले केही महिना यूएईमा बसेपछि युरोपेली मुलुकमा सहजरूपमा जान पाउने ' ग्यारेन्टी' नै गर्ने गरेका कारण लाखौं खर्च गरी भिजिट भिसा प्रयोग गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक ठूलो संख्यामा जाने गरेको एशोसिएसनको भनाइ छ ।

नेपाल सरकारले घरेलु कामदारको रूपमा यूएई, साउदी अरेबिया, कतार, कुवेत, ओमान र इराकलगायतका देशमा प्रतिबन्ध लगाएको अवस्थामा सामाजिक सञ्जालबाट विज्ञापन गरेर आकर्षक रोजगारीका नाममा ठगी गर्नेहरूले यूएईलाई सुरक्षित आश्रयस्थल बनाएर बसेको विषयमा पनि एशोसिएसनले गृहमन्त्री लेखकको ध्यानाकर्षण गराएको छ ।

जवाफमा गृहमन्त्री लेखकले भिजिट भिसाले उत्पन्न गर्ने समस्याबारे आफू पूर्णरूपमा जानकार रहेको भन्दै त्यसलाई व्यवस्थित गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग छलफल गरेको बताए । घुमफिरको संवैधानिक अधिकारमाथि हस्तक्षेप नगरी भिजिट भिसामा देखिएका खराबी अन्त्य गर्न आफू हरदम तयार रहेको प्रतिबद्धता पनि गृहमन्त्री लेखकले जनाए ।

ज्ञापनपत्र बुझाउन एशोसिएसनका संस्थापक अध्यक्ष एवम् नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष तिलकबहादुर रानाभाट, संघ तथा एशोसिएसनका पूर्व अध्यक्ष बिमल ढकाल, एशोसिएसनका पूर्वअध्यक्षहरू किरण किशोर घिमिरे, प्रज्ञान न्यौपाने, कुमुद खनाल, पूर्वकार्यवाहक अध्यक्ष एवम् संघ महासचिव सुजित कुमार श्रेष्ठ, एशोसिएसनका वरिष्ठ उपाध्यक्ष विनोदजंग केसी, उपाध्यक्ष सेवन्त न्यौपाने, महासचिव महेशकुमार बस्नेतलगायतको सहभागिता रहेको थियो ।

## ११ जनाको...

गाउँपालिका-४ घर भई हाल गैंडाकोट नगरपालिका-५ मा डेरा गरी बस्दै आएका १७ वर्षीय इशान अन्सारी रहेका छन् । शुक्रबार नै दैलेखमा यात्रुबहाक फोर्स गाडी दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । २५ जना घाइते भएका छन् ।

शुक्रबार दिउँसो दैलेख बजारबाट सर्खेतका लागि छुटेको कर्णाली प्रदेश ०२००१ ख ०९९८ नम्बरको यात्रुबहाक फोर्स गाडी दुर्घटनामा परेको हो । सुर्खेत-दैलेख सीमाना वीरेन्द्रनगर-१४ रातानाङ्लानजिक फोर्स गाडी दुर्घटनामा पर्दा चार जनाको मृत्यु भएको हो ।

घाइतेहरुलाई उद्धार गरी एम्बुलेन्समा सुर्खेतस्थित कर्णाली प्रादेशिक अस्पताल पठाइएको छ । प्रहरीका अनुसार २९ जना यात्रु सवार थिए । उक्त गाडी झण्डै दुई सय मिटर तल खसेर दुर्घटनामा परेको हो ।

यस्तै, पाँचथरमा ट्रक दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । ना४खा ७१२३ नम्बरको ट्रक ब्रेक फेल भई दुर्घटना हुँदा दुई जना घाइते भएका छन् ।

पाँचथरको मेची राजमार्गअन्तर्गत पाँचथरको हिलिहाङ गाउँपालिका-६ ढकाल गाउँमा दुर्घटना हुँदा पाँचथरकै हिलिहाङ-३ का ५७ वर्षीय भवानीशंकर पौडेलको मृत्यु भएको हो ।

दुर्घटनामा परेर ट्रक चालक इलामको सूर्योदय नगरपालिका-१२ का तेजबहादुर दास र ट्रक धनी झापाको बिर्तामोड नगरपालिका-१ चारपानेका राजकुमार बस्नेत घाइते भएका छन् ।

घाइतेको झापामा उपचार भइरहेको छ । ब्रेक फेल भई ट्रक करिब ५० मिटर तल झरेर दुर्घटनामा परेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार ट्रक काठका गोलिया लिएर फिदिम जाँदै गर्दा दुर्घटनामा परेको हो ।

# छत्रदेव गाउँपालिकाको विकासमा सरोकारवालाहरुको चासो

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २३ कात्तिक



अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा भइरहेका पूर्वाधार तथा अन्य विकास निर्माणप्रति काठमाडौंमा बस्ने अर्घाखाँचीबासिले चासो देखाएका छन् ।

छत्रदेव गाउँपालिका अर्घाखाँचीले आयोजना गरेको छलफल कार्यक्रममा गाउँपालिकामा आर्थिक वर्षमा भइरहेका विकास निर्माण, सुशासन तथा सेवा प्रवाहसम्बन्धी सरोकारवालासगँको छलफलमा उनीहरुले विकास निर्माणप्रति चासो व्यक्त गरेका हुन् ।

छलफल कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डाक्टर जयबहादुर टन्डनले योजना छनोट गर्दा छरिएका योजनाहरू छनोट गर्न नहुने बताए । टन्डनले ठूला र देखिने योजनाहरू छनोट गर्दै विकास निर्माणका कामहरू अगाडि बढाउनुपर्नेमा जोड दिए ।

त्यस्तै बाटोघाटो, पुल निर्माणमा गाउँपालिकाले सबै सरोकारवालासँग यसैगरी आवश्यक समन्वय गर्नुपर्ने उनको भनाइ थियो । राष्ट्रिय योजना आयोगका अर्का सदस्य डाक्टर प्रकाश श्रेष्ठले गाउँपालिकाभित्र 'सडक निर्माण गर्दा कालोपत्रे गर्दा वा अन्य विकासका कामहरु गुणस्तरीय भएको नभएको स्थानीय जनताले अनुगमन गर्नुपर्ने बताए ।

उनले छत्रदेव गाउँपालिकाले पहाडि जिल्लामा धेरै राम्रो काम गरेको रहेछ भन्दै अब पालिकामा हुने विकास निर्माणका लागि आफुहरु पूर्ण रुपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । श्रेष्ठले गाउँपालिकालाई सफा सुन्दर बनाउनका लागि फोहोर व्यवस्थापन समेत चुनौतीका रुपमा देखा परेको भन्दै यसको दीर्घकालीन समाधान खोज्न जनप्रतिनिधिलाई आग्रह गरे ।

कार्यक्रममा स्वास्थ्य बीमा बोर्डका सदस्य डाक्टर मुक्ति श्रेष्ठले जनप्रतिनिधिहरूले चुनावी प्रतिबद्धता अनुसार जनभावना बुझेर विकास निर्माणका काम तथा सेवा प्रवाह गर्नुपर्ने बताए ।

'विकास बजेट आवश्यकता अनुसार प्रवाह हुनुपर्छ' डाक्टर श्रेष्ठले भने, 'सडक तथा पुलहरू चाँडो निर्माण हुनुपर्छ, यस्ता पूर्वाधार विकासमा ढिलाइ हुने गरेको छ ।' छत्रदेवमा कुनै समस्या भए आफुहरु सहयोग गर्न तयार रहेको उनले बताए ।

कार्यक्रममा वीर अस्पतालका सहायक डिन डाक्टर राजेन्द्र श्रेष्ठले अधिकांश गाउँपालिकाबासिले पालिकाले दिने सेवा प्रवाहका बारेमा चासो राख्नु निकै सकारात्मक भएको बताए ।

श्रेष्ठले गत वर्षको लिजा कार्य सम्पादन मूल्यांकनमा गाउँपालिका स्थानीय तहमा छनोट हुनु र पालिकाबाट प्रवाह हुने सेवा र विकास यसअघिका जनप्रतिनिधिले अगाडि सारेका पूर्वाधार संरचनाहरू वर्तमान जनप्रतिनिधिहरूले निरन्तरता नदिएकोमा धन्यवाद ब्यक्त गरेका थिए ।

कार्यक्रममा गाउँपालिका राष्ट्रिय महासंघका सल्लाहकार तथा छत्रदेव गाउँपालिकाका पूर्व अध्यक्ष लेखनाथ पोखेलले गाउँपालिमा व्यवस्थित ढल निकास हुन नसकेको, कृषि र पर्यटनमा जनप्रतिनिधिले ध्यान दिएपनि बजेटको अभाव भएको रोजगार सिर्जनातर्फ गाउँपालिकाले ध्यान दिएपनि साधन श्रोतको अभाव पालिकाको आन्तरिक श्रोत नभएकोले सोचे जति विकास हुन नसकेको, लक्षित वर्गको बजेट अन्यत्र खर्च गर्नुपर्ने बाध्यता हुने गरेको तर गाउँपालिकामा आफ्नो कार्यकालमा धेरै विकासमा कामहरु सम्पन्न भएको र बाँकी रहेका कामहरु वर्तमान गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ लगायतका जनप्रतिनिधिले द्रुत गतिमा अगाडि बढाएकोले विकास निर्माणका कामहरुमा सबै छत्रदेवबासीले सहयोग गर्नुपर्ने बताए ।

कार्यक्रममा छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले आफुहरु पालिकामा निर्वाचित भएपछि पूर्वाधार, शिक्षा, पशु सेवा एवम् कृषि, वन तथा वातावरण, आर्थिक विकासलगायत शीर्षकमा गाउँपालिकाले उत्कृष्ट काम गर्न सफल भएको बताए ।

अध्यक्ष श्रेष्ठले गाउँपालिकाका ८ वटै वडालाई जोड्ने गरी अगाडि सारिएको रिङरोडको काम सबैको सहयोग भएमा र बजेट लैजान सकेमा तीव्र गतिमा अगाडि बढने जानकारी दिए ।

उनले गाउँपालिकामा विकास गर्न सबै ले चासो दिदा आफुहरु काम गर्न उत्साहित भएको बताउँदै राजस्व तथा स्रोत परिचालतर्फ गाउँपालिकामा न्यून आयश्रोत रहेको बताए । अध्यक्ष श्रेष्ठले चालु आवमा आन्तरिक राजस्वतर्फ सोचे अनुसार राजस्व उठन नसक्ने बताए ।

संघीय सरकारबाट राजस्व बाँडफाँडको पैसा र प्रदेश सरकारबाट राजस्व बाँडफाँडको रकम प्राप्त नहुँदा विकास निर्माणका कामहरु प्रभावित भएको उनको भनाइ छ । गाउँपालिकाले चालु आवको विनियोजित बजेटमध्ये हालसम्म चालु खर्चतर्फ २५ प्रतिशत र पुँजीगततर्फ २६ प्रतिशतमात्रै वित्तीय प्रगति हासिल गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले जानकारी दिए ।

कार्यक्रममा सरोकारवालाहरूले राखेको जिज्ञासा तथा गुनासोको जवाफ दिँदै प्रमुख प्रशासकीय अधिकृत पाण्डेले पालिकाबासीको चाहनाअनुसार काम गरिरहेको बताए । पाण्डेले पालिकाभित्र जनताको काम काम छिटो र जनताले दुःख नपाउने गरी मुस्कानसहितको सेवा दिने गरेको बताए । कार्यक्रममा नेपाल सरकारका सहसचिव हुमकला पाण्डे, पूर्व सहसचिव डाक्टर लोकनाथ पौडेल, पूर्व सहसचिव ईश्वरीप्रसाद पाण्डे, डाक्टर चिरञ्जीवी भट्टराई, अर्थमन्त्रालयका उपसचिव सुरेन्द्र पाण्डे, गोकर्णराज बन्जाडे, तुल्सीराम न्यौपाने, तारा प्रसाद फुल्लेल, सचिन पाण्डे, सुशील खनाल, नारायण भट्टराई, गणपति पाण्डे, सोमकुमारी राना, युवराज श्रेष्ठ लगायतका सरोकारवालाहरुले आफ्नो भनाइ राखेका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पाण्डेले जानकारी दिए ।


**कृष्णनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कृष्णनगर, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

## सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०८१/०७/२३**

यस कार्यालय यस कृष्णनगर नगरपालिकाको आ.व. २०८१/८२ मा अन्तर सरकारी अन्तरिक हस्तान्तरण अन्तर्गत वाली विकास अन्तर्गत गहुँ बीउ अन्य सामग्री खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त एग्रो सेन्टर, बीउ कम्पनी तथा बीउ सप्लायर्स व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**शर्तहरुः**

१. तपशिलमा उल्लेखित बोलपत्र दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसिद तथा नविकरण भएको इजाजत पत्र, प्यान (PAN) दर्ता प्रमाणपत्र, मु.अ.कर. दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न गरि लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समयसम्म राजश्व शाखाबाट सिलबन्दी दरभाउ फारम खरिद गर्न सकिनेछ ।
२. **कृषि व्यवसाय गरी बसेका इन्छुक एग्रो सेन्टर, बीउ कम्पनी तथा बीउ सप्लायर्सहरुले यस नगरपालिकाबाट व्यवसाय इजाजत पत्र व नविकरण गरेको प्रमाणपत्र तथा बीउको ल्याब प्रीक्षण रिपोर्टको प्रतिलिपी संलग्न गर्नु पर्ने छ ।**
३. यस कार्यालयबाट खरिद गरेको दरभाउ फारम नियम अनुसार भरि सिलबन्दी गरि खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोलि कार्यालयलाइ सम्बोधन गरि ६ (छ) दिन दिनको १२:०० बजेसम्म कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका दरभाउ सोहि दिनको १:०० बजे दररेट पत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहोबरमा खोलिनेछ । दररेट पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दररेट खोल्न कार्य गर्न बाधा पर्ने छैन ।
४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा (७५ दिन) म्याद भएको बिडबन्ड धरौटी बोलपत्र तथा दरभाउपत्र साथ संलग्न हुनु पर्नेछ वा धरौटी वापत रु. यस कार्यालयको धरौटी खाता नं.- **०१४०३०००००३०००००००१** मा जम्मा गरी सक्कलै भौचर सहित पेश गर्नु पर्नेछ ।
५. दररेट पत्र बापत राजश्व दस्तुर रकम यस कार्यालयमा नगदै बुझाइ लिन सकिने छ वा यस कार्यालयको नाम मा रहेको नेपाल बैंक लिमिटेड कृष्णनगर, कपिलवस्तु शाखामा रहेको अन्तरिक **राजस्व संचित कोष खाता नं.- ०१४०३००००१००१००००००१** मा जम्मा गरेको सक्कल राजश्व भौचर पेश गरि खरिद गर्न समेत सकिनेछ ।
६. दरभाउपत्रमा, प्रत्येक आइटममा केरमेट नभएको, दरभाउपत्र लगायत कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउँमा दस्तखत भएको हुनु पर्ने छ । समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपिरित भएको दररेट पत्र माथि कुनै कारवाही हुने छैन ।
७. दररेट पत्रको मान्य अवधि (Bid Validity Period) ४५ दिनको हुनेछ ।
८. नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका कर (भ्याट बाहेक) दर रेटमा समावेश भएको मानिने छ ।
९. दररेट पत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।
१०. दररेट पत्र दाताले वितरण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिने छ ।
११. दरभाउपत्रको डकुमेन्ट, स्पेसिफिकेसन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि वेला सच्याउन बाधा पर्ने छैन ।
१२. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
१३. दररेट पत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ र अंक अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइने छ ।
१४. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्बजनिक खरिद ऐन, २०६३, सार्बजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक प्रशासन नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई रकम (भ्याट सहित तथा कन्टेनजेन्सी बाहेक) | धरौटी रकम | दररेट पत्र दस्तुर | ठेक्का खोल्ने मिति |
|---|---|---|---|---|---|---|
| १. | कृषि ०१/२०८१/८२ | गहुँ बीउ (विजय, एन एल र आदित्य, कृष्णनगर न.पा. ढुवानी सहित | १९,९८,०००/ | ४९,९५०/ | १०००/ | २०८१/०८/०८ |

विस्तृत जानकारीको लागी कृष्णनगर नगरपालिकाको कार्यालय कृष्णनगर, कपिलवस्तुको कृषि शाखामा सम्पर्क राख्न सकिने छ ।

**खेमराज देवकोटा**
**प्रमुख प्रशासकिय अधिकृत**

# बैतडीका गृहिणी महिला 'ड्राइभर' बन्दै

## तीन जनासँग लाइसेन्स

**ललित बोहरा/मध्यान्ह**
पाटन, २३ कात्तिक



कुनै बेला चुल्हो चौको, मेला पातमा सिमित दुर्गम मानिने बैतडीका ग्रामीण समुदायका महिला सवारी चालक 'ड्राइभर' बन्न थालेका छन् ।

आर्थिक रुपमा सवल बन्नका लागि पनि महिलाहरुले आफ्नो पेशा परिर्वतन खोजी रहेको छन् । कृषि पेशामा तल्लिन महिलाहरु अहिले व्यवसायिक रुपमा सवारी चालक बन्न थालेको हुन् ।

बैतडी जिल्लामा तीन गृहिणीसहित चार महिलासँग चार पाङ्ग्रे सवारी चालक अनुमतीपत्र (लाइसेन्स) प्राप्त गरेका छन् । जिल्लाको सुर्नया गाउँपालिका तीन गृहिणी महिलाले चार पाङ्ग्रे सवारी साधन चलाउन सिकेर चालक अनुमतीपत्र समेत उर्तिण गरेका छन् । सुर्नया गाउँपालिका वडा नम्बर ६ बस्ने २२ वर्षीया खगेश्वरी भट्ट, २८ वर्षीया मानमती भट्ट, २४ वर्षीया हिमा साउँद खत्रीले चालक अनुमती पत्र प्राप्त गरेका छन् ।

दिगो आम्दानीमार्फत महिला उद्यमीहरुले आर्थिक सशक्तिकरण परियोजना अन्तर्गत वमेनस बैंक र एफसिए नेपालको आर्थिक सहयोग तथा साझेदार संस्था सामाजिक चेतना तथा विकास संघ (साडा) नेपालले महिला तथा पिछडिएका लक्षित वर्गहरुलाई आर्थिक तथा प्राविधिक सहयोग गरेर जिविकोपार्जनतर्फ आर्कषण बढाउन महिलालाई सिगास र सुर्नया गाउँपालिका चार जनालाई दुई महिना सवारी साधन सञ्चालन गर्ने तालिम दिइएको थियो ।

तालिम दिएका चार जनामध्ये तीन जनाले यातायात व्यवस्था कार्यालय डडेल्धुराबाट सवारी चालक अनुमती पत्र प्राप्त गरेका हुन् । उनीहरुले मध्ये तीनजना गाडी सञ्चालनको तयारीमा रहेको साडा नेपाल बैतडीका कार्यक्रम संयोजक भुपाल बोहराले बताए । उनले भने,'हामीले समन्वय गरिरहेका छौं । उनीहरुलाई आर्थिक सहयोग गरेर भए पनि सवल बनाउने प्रयास अझै गरिरहेका छौं ।'

खगेश्वरी भट्टले स्थानीय बजार मुसेबाट खोड्पे गाडी चलाइरहेको फोटोहरु, भिडियोहरु सार्वजनिक भएका छन् । सवारी धानीले गाडी चालक बनाउन नमान्ने गरेकाले चालक अनुमती पत्र गरेको चार पाँच महिनाबाट घरमै रहेकी २८ वर्षीया मानमती भट्टले बताइन ।

उनले भनिन्,'हामीले अहिले निजी क्षेत्रका यातायात व्यवसायीले पत्याइरहेका छैनन् । अब स्थानीय सरकारले सरकारी चालकमा महिला राख्नुपर्छ ।'

तीन महिलामध्ये २४ वर्षीया हिमा साउँद खत्रीले कैलालीमा सावारी साधन हाक्ने गरेकी छन् । सगास गाउँपालिका वडा नम्बर ९ की मन्जु धामीले भने चार पाङग्रे सवारी चलाउन सीप सिके पनि चालक अनुमती पत्र प्राप्त गर्ने प्रयास गरिरहेको बताइन् । दुई पटक चालक अनुमती पत्रको प्रयोगात्मक परीक्षामा असफल भएको फेरि दिने तयारीमा रहेको उनले बताइन् ।

जिल्लाको पञ्चेश्वार गाउँपालिकाले एक युवतीले अनुमती पत्र लिए सवारी सधान चलाउन थालेकी छन् । पञ्चेश्वर गाउँपालिका-४, निङलाडकी रुबी पालिकादेखि प्रदेश राजधानी धनगढीसम्म सार्वजनिक यातायात चलाउँदै आएकी छन् ।

# नेपाल-चीनबीचको मैत्रीपूर्ण सम्बन्ध प्रगाढ बनाउन उच्चस्तरीय बैठक बस्दै

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २३ कात्तिक



नेपाल र चीन बीचको ऐतिहासिक सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यले बझाङ र हुम्लाको सीमा नजिक दुवै देशका अधिकारीहरूबीच उच्चस्तरीय बैठक बस्ने भएको छ ।

यही कात्तिक २८ र २९ गते अर्थात् यही १३ र १४ नोभेम्बरमा चीनको पुलान काउन्टीमा बस्ने बैठकमा नेपाल र चीनका सीमावर्ती क्षेत्रका प्रमुखहरूको सहभागिता रहने बताइएको छ ।

चिनियाँ पक्षबाट डिन्जुप्राम ताउन्टीको सीपीसी समितिका उपसचिव तथा सरकार प्रमुख, काउन्टी स्थायी समिति सचिव ओ टीप्पर्ण, सार्वजनिक सुरक्षा ब्यूरो निर्देशक निरीक्षक जनरल र जे पाउलिन, अध्यागमन तथा सीमा नियन्त्रण प्रमुखलगायत उच्च अधिकारीहरू सहभागी हुनेछन् ।

नेपालतर्फबाट भने सीमा जोडिएका बझाङको साइपाल र सुर्मा गाउँपालिका, दार्चुलाका ३ वटा पालिका र हुम्लाका ४ वटा पालिकाका प्रतिनिधिहरू सहभागी हुने जनाइएको छ ।

यस बैठकमा दुवै देशबीचको व्यापार, पर्यटन, पूर्वाधार विकास, सीमा सुरक्षा, सहयोग आदान-प्रदान, पालिकालाई सहयोग गर्ने र जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउने विषयमा व्यापक छलफल हुने साइपाल गाउँपालिका उपाध्यक्ष डोल्मा तामाङले बताइन् ।

दुवै पक्षले सीमावर्ती क्षेत्रका जनताको हितलाई ध्यानमा राखेर सहकार्यलाई अझै बढाउने प्रतिबद्धता जनाउने छन् । यस बैठकले नेपाल र चीनबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । बैठकका लागि साइपाल गाउँपालिकाका जनप्रतिनिधि हुम्ला पुगिसकेका छन् भने सुर्मा गाउँपालिकाका जनप्रतिनिधि नेपालगञ्जबाट हवाइयात्रा गरी हुम्ला जाने बताइएको छ ।

# प्रेस काउन्सिलमा मिडिया व्यवस्थापनबारे छलफल



**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालमा संघीयताको ढाँचामा मिडिया व्यवस्थापनलाई कसरी राम्रो बनाउने सम्बन्धमा छलफल सम्पन्न भएको छ । छलफललाई सम्बोधन गर्दै काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले उपस्थित सबै निकायको साझा उद्देश्य भएकाले समन्वय र सहकार्य गरेर काम गर्नुपर्ने बताए । काममा दोहोरोपना हुन नहुने बताउँदै उनले मिडिया क्षेत्रको समग्र विकास र नियमनका लागि सबै नियकायहरूबीच समय समयमा छलफल भइरहनुपर्ने समेत बताए ।

बागमती प्रदेश प्रेस रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले संघीय संरचनामा स्थापित पहिलो सञ्चार रजिष्ट्रारको कार्यालय बागमती भएको हुँदा कामको थुप्रै अप्ठ्यारा आएको र त्यसको सुधार कसरी भयो भन्नेबारे प्रकाश पारे । साथै उनले मिडियाको सेवा प्रवाह र नियमनका सम्बन्धमा राष्ट्रिय आमसञ्चार मापदण्ड हुनुपर्ने र सोही आधारमा प्रदेश रजिष्ट्रारहरूले पनि कानून बनाइ लागू गर्नुपर्ने बताए । यसो गर्दा सबै प्रदेशमा काममा एकरुपता आउनेसमेत उनले बताए । यसका लागि संघीय निकायले एउटा सफ्टवेयर बनाइ नियमन गर्ने र प्रदेश सञ्चार रजिष्ट्रारले सोहीमार्फत सेवा प्रवाह गरे राज्यले समेत मिडियाको सम्बन्धमा सधैं अपटुडेट हुने अवस्था रहने बताए ।

गण्डकी प्रदेश प्रेस रजिष्ट्रार विमला भण्डारीले सञ्चार रजिष्ट्रार गण्डकीको नियमावलीहरू बन्दै गरेको र यसका लागि सम्बन्धित सबै निकायबाट सुझावको आशा गरिएको बताइन् । साथै, सबै निकायको साझा उद्देश्य मिडियाको विकास नै भएकाले सबैले मिलेर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

सूचना तथा प्रसारण विभागका निर्देशक भरत गौतमले न्युज एजेन्सीहरूको व्यवस्थापन तथा नियमनका लागि समेत कानूनीरूपमा सम्बोधन गर्न जरुरी भएको बताए ।

सञ्चार रजिष्ट्रारको कार्य प्रक्रियाको सम्बन्धमा बुझ्दै काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले आगामी दिनमा समेत छलफल आयोजना गर्न समन्वय गर्ने बताए । मिडिया सम्बद्ध निकायहरूको तथ्यांक आदानप्रदान र छलफल कम्तीमा दुई महिनामा एकपटक गर्ने व्यवस्था मिलाइने उनले बताए ।

सूचना तथा प्रसारण विभाग र सञ्चार रजिष्ट्रारहरुमा दर्ता नवीकरण भइ सूचीकरण/नवीकरण गर्न प्रेस काउन्सिलमा आएका अनलाइन मिडियाहरूको सम्बन्धमा देखिएका समस्या र समाधानका विषयमा काउन्सिलको तर्फबाट सुझाव दिइएको थियो ।

छलफलले मिडिया क्षेत्रको विकास र व्यवस्थापनका सम्बन्धमा सम्पूर्ण सरोकारवाला नियकाय र मिडियाहरूसमेतको उपस्थितिमा बृहत् छलफल आयोजना गर्ने निर्णयसमेत गरेको छ । काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतको अध्यक्षतामा भएको छलफलमा सूचना तथा प्रसारण विभागका निर्देशक भरत गौतम, सञ्चार रजिष्ट्रार (बागमती) रेवतीप्रसाद सापकोटा, सञ्चार रजिष्ट्रार (गण्डकी) विमला भण्डारी, काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाल, सहप्रशासकीय अधिकृत रामशरण बोहरा र शाखा अधिकृत सुवास राईलगायतको उपस्थिति रहेको थियो ।

# बझाङको सुर्मा गाउँपालिका-४ मा वडाध्यक्षका लागि उपनिर्वाचन हुने

**मध्यान्ह संवाददाता**
बझाङ, २३ कात्तिक



बझाङको सुर्मा गाउँपालिका वडा नं. ४ मा वडाध्यक्षका लागि मंसिर १६ गते उपनिर्वाचन हुने भएको छ । सुर्मा गाउँपालिका-४ का वडाध्यक्ष सर्जन बहादुर बोहराको मृत्यु भएपछि उपनिर्वाचन हुन लागेको हो ।

निर्वाचन कार्यालय, बझाङका अनुसार २०७९ सालको निर्वाचनको आधारमा उपनिर्वाचन हुने सुर्मा गाउँपालिका-४ मा एक मतदान केन्द्र र २ मतदान स्थल रहेका छन् । सुर्मा माध्यामिक विद्यालय एउटा मात्र मतदान केन्द्र रहेको छ ।

२०७९ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेका सर्जन बहादुर बोहरा ६ सय २९ मत प्राप्त गरेर विजयी भएका थिए । बोहराका प्रतिस्पर्धी नेपाली कांग्रेसका लोक बहादुर बोहराले ६ सय ४ मत प्राप्त गरेका थिए । कात्तिक २६ गते मतदाताको अन्तिम नामवली प्रकाशनको तयारी भइरहेको निर्वाचन कार्यालय बझाङका कम्प्युटर अप्रेटर गोरखराज जोशीले बताए ।

उपनिर्वाचनका लागि सुर्मा गाउँपालिका-४ को वडा कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय तोकिएको छ । निर्वाचन आयोगले उपनिर्वाचनको उम्मेदवारका लागि खर्चको हदसमेत निर्धारण गरेको छ । जसमा वडाध्यक्षको पदका उम्मेदवारले १ लाख ५० हजार मात्रै खर्च गर्न पाउने भएका छन् । उपनिर्वाचनका लागि २५ वटा दल निर्वाचन आयोगमा दर्ता भइसकेका छन् ।

# लुम्बिनी प्रदेशले गौरवका आयोजना कार्यान्वयनलाई प्राथमिकता दिने



**सरु भुसाल/मध्यान्ह**
भालुवाङ, २३ कात्तिक

लुम्बिनी प्रदेश सरकारले प्रदेश गौरवका आयोजना कार्यान्वयनलाई प्राथमिकतामा राखेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश गौरवका आयोजना कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम अघि बढाएको बताए।

प्रदेश सरकारले गौरवका आयोजना अन्तर्गत पर्ने योजनालाई कार्यान्वयन गर्न बजेट र कार्यक्रममा समेत प्राथमिकतामा राखेर काम गर्न कर्मचारीलाई निर्देशन दिएका हुन् । प्रदेशको आर्थिक विकासलाई नयाँ उचाईमा पुऱ्याउन गौरवका आयोजनाले योगदान गर्ने विश्वास गरिएको छ । स्वास्थ्य, शिक्षा, प्रशासनिक क्षेत्र, सडक पूर्वाधारलाई प्राथमिकतामा राखेर गौरवका आयोजना तय गरिएको छ । 'प्रदेश गौरवका आयोजनाहरुको कामलाई तीव्रता दिइएको छ । बजेट विनियोजनमा प्राथमिकतामा राखेर कार्यान्वयन तहलाई चुस्त बनाएका छौं'मुख्यमन्त्री आचार्यले मध्यान्हसँग भने,'प्रदेश गौरवका आयोजनालाई प्रदेश सरकारले गौरवका साथ अघि बढाएको छ ।'

स्वास्थ्य उपचार सेवालाई प्रभावकारी बनाउन बुटवलमा सुविधा सम्पन्न अस्पताल निर्माणको काम अघि बढेको छ । सुविधासम्पन्न १२ तले एक हजार दुई शय्या रहने यस अस्पताल भवन निर्माणको काम अघि बढेको छ । ६ अर्ब १८ करोड बढीको लागतमा २०८५ साल पुससम्ममा निर्माण सम्पन्न गर्ने गरी शिलान्यास गरेर निर्माणको काम अघि बढेको हो ।

यो अस्पताल निर्माण सम्पन्न भएर सेवा सञ्चालनमा आए बुटवल स्वास्थ्य हवको रुपमा विकासित हुनेछ । अहिले देखिएका उपचारका जटिलताहरु समाधान भएर जाने विश्वास सरकारले लिएको छ । प्रदेशको प्रशासनिक सेवालाई प्रभावकारी बनाउन सुविधा सम्पन्न प्रशासनिक केन्द्र निर्माणको काम धमाधम भइरहेको छ । प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा ३ अर्ब ९ करोड रुपैयाँको लागतमा प्रशासनिक केन्द्र जसमा मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय रहने गरी कार्य तीव्र रुपमा अघि बढेको छ । २०८२ सालभित्रै निर्माण सम्पन्न हुने लक्ष्यसहित हाल ६५ प्रतिशत काम पूरा भइसकेको छ ।

साथै, १ खर्बको लागतमा २० वर्षभित्र आधुनिक सहर निर्माण सम्पन्न गर्ने लक्ष्य अनुसार सरकारले नदी सभ्यतामा आधारित नमुना सहरका लागि साझेदार एवम् लगानीकर्ता खोज्न सरकारले पहल लिएको छ ।

बाँके जिल्लाको खजुरामा प्राविधिक विश्व विद्यालय स्थापना गरी सूचना प्रविधि, इन्जिनियरिङ, कृषि लगायत अध्यापन गराईंदै आएको छ ।

प्राविधिक, दक्ष जनशक्ति उत्पादनका लागि थप पहल गर्ने सरकारको योजना रहेको छ । प्रदेश सरकारले यस सडक आयोजनालाई गौरवको आयोजनाको रुपमा अघि बढाउँदै विभिन्न सडक खण्डलाई बहुवर्षीय आयोजनाका रुपमा काम अघि बढाउने निर्णय गरिएको छ ।

रामपुर-जिनाबाङ सडक स्तरोन्नति योजनालाई प्रदेश सरकारले गौरवको आयोजनाको रुपमा अघि बढाएको छ । प्रदेश सरकारले यस सडक आयोजनालाई गौरवको आयोजनाको रुपमा अघि बढाउँदै बहुवर्षीय आयोजनाका रुपमा काम अघि बढाएको छ ।

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७ मा पाल्पाको रामपुरदेखि पश्चिम उत्तर रोल्पाको जिनावाङ जोड्ने सडकलाई प्रदेश गौरवको आयोजनमा राखेर निर्माण शुरु गरेको गरेको हो ।

चार जिल्लामा ८ चरणमा काम थालिएको यो सडक निर्माणको कामलाई तीव्रता दिनेगरी काम अघि बढेको भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले बताए । यस वर्ष सडक निर्माणको लागि बजेट रहेको समेत जानकारी दिए । करिब ३ सय किलोमिटर अनुमान गरिएको यो सडक ४ जिल्लाका सडक पूर्वाधार कार्यालय र प्रदेश भौतिक पूर्वाधार निर्देशनालयले हेर्दै आएको छ ।

### डोल्पा त्रिपुराकोटमा निःशुल्क स्वास्थ्य शिविर

# पहिलो दिन ९ सय ४४ जनाको स्वास्थ्य परीक्षण



**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २३ कात्तिक

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाको त्रिपुराकोट स्वास्थ्य चौकीमा सञ्चालित निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविरको पहिलो दिनमा ९ सय ४४ जनाको स्वास्थ्य परीक्षण भएको छ । कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आयोजना तथा त्रिपुरासुन्दरी नगरपालिका डोल्पाको समन्वयमा दुई दिने शिविर सञ्चालनमा छ ।

शिविरमा आँखा, कान, घाँटी, नाक, हाड जोर्नी, लगायतका विरामीहरुले स्वास्थ्य परीक्षण गराएका छन् । त्रिपुरासुन्दरी नगरपालिका स्वास्थ्य शाखा प्रमुख तुलबहादुर श्रेष्ठले पहिलो दिनमा ९ सय ४४ जनाको स्वास्थ्य परीक्षण भएको बताए ।

उनका अनुसार स्वास्थ्य परीक्षण गराएका मध्य सबैभन्दा बढी हाडजोर्नी तथा नशा सम्बन्धिका बिरामी २ सय २३ जनाको परीक्षण भएको छ ।

यसैगरी आँखा सम्बन्धिका २ सय २१ जनाको ओपिडी सेवा लिएका छन् । स्वास्थ्य शाखा प्रमुख श्रेष्ठका अनुसार निःशुल्क मोविन्दुको शल्यक्रिया शिविरसहित अन्य स्वास्थ्य सम्बन्धी चेकजाँच सेवा समेत सञ्चालनमा छ ।

त्रिपुरासुन्दरी नगरपालिका, नेपाल रेडक्रस सोसाइटी, तिलगंगा आँखा अस्पताल, सुर्खेत आँखा अस्पतालको आर्थिक तथा प्राविधिक सहयोगमा तथा नेपाल रेडक्रस डोल्पा शाखा दुनै र उपशाखा त्रिपुराकोट डोल्पाको आयोजनामा निःशुल्क मोतियाबिन्दु शल्यक्रिया आँखा शिविरको समेत सञ्चालनमा रहेको छ ।

स्वास्थ्य सेवा निर्देशक डाक्टर रविन खड्काको नेतृत्वमा डाक्टर सुशीला समदर्शी डाक्टर संजोग शिवाकोटी, डाक्टर जागृति खनाल, डाक्टर गणेश तिवारी डाक्टर, लक्ष्मीनारायण तिवारी र डाक्टर तेजेन्द्र अधिकारी सहितकोविशेषज्ञ चिकित्सकको टोलिबाट स्वास्थ्य परीक्षणका साथै उपचार भइरहेको छ ।

निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविरमा बढीभन्दा बढी नागरिकले स्वास्थ्य सेवा लिन सकुँन भनेर कात्तिक ९ गतेदेखि त्रिपुरासुन्दरी नगरपालिकाका एघार वटै वडामा स्वास्थ्यकर्मी परिचालन गरी आँखाका बिरामीको छनौट तथा अन्य रोगका बिरामीको लागि शिविरमा आउन सहज होस् भनेर घरदैलोमा पुगेर प्रचार-प्रसार समेत गरिएको थियो ।

# प्रस्ताविक मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा नगर्न माग

**काठमाडौं/मस-** प्रस्ताविक मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा नगर्न माग गर्दै नेपाल आदिवासी जनजाति महासंघले शुक्रबार वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीलाई ज्ञापनपत्र बुझाएको छ ।

महासंघका केन्द्रीय अध्यक्ष गेल्जे लामा शेर्पाको टोलीले वनमन्त्री शाहीलाई ज्ञापनपत्र बुझाएको हो । सरकारले सोलुखुम्बू जिल्लाको महाकुलुङ, सोताङ र माप्य दुधकोशी गाउँपालिकालाई समेटेर मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा गर्ने तयारी गरेको छ । उक्त कार्य सरोकारवाला आदिवासी जनजाति समुदायसँगको परामर्श बिना नै हुन लागेकाले महासङ्घले यस विषयप्रति गम्भीर ध्यानाकर्षण गराउन ज्ञापनपत्र बुझाएको जनाएको छ ।

नेपालको संविधानको धारा ५१(ञ) को ८, जैविक विविधता महासन्धी १९९२, आइएलओ महासन्धि १६९ लगायतमा उल्लेख भए विपरित सरकारले एकलौटी ढंगबाट मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा गर्ने तयारी गरेको ज्ञापनपत्रमा उल्लेख छ । 'आदिवासी जनजातिहरूको प्रथाजनित अभ्यास र परम्परागत जीवन पद्धतिलाई उपेक्षा गर्दै आदिवासी जनजातिहरुको प्राकृतिक स्रोतसाधनको उपयोगमा बन्देज लगाउँदै राज्यले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र र शिकार क्षेत्रहरु घोषणा गरिरह्यो । आदिवासी जनजातिहरुको मानवअधिकार उल्लंघन भइरह्यो', ज्ञापनपत्र बुझाउँदै महासंघका अध्यक्ष शेर्पाले भने,'हाल सोलुखुम्बूमा घोषणा गर्न लागिएको राष्ट्रिय निकुञ्जले फेरि हामी आदिवासी जनजातिको थातथलो खोसिन लागेकोप्रति सशंकित र आतंकित बनाएको छ ।'

महासंघले ज्ञापनपत्रमा आदिवासी जनजातिहरू प्राकृतिक स्रोत जल, जङ्गल र जमिनको दिगो व्यवस्थापन गर्दै यसको समुचित सदुपयोग गर्ने समुदाय भएकाले प्राकृतिक स्रोतहरुको असली संरक्षक र हकदार भएको उल्लेख गरेको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र नियमावली २०३० ले आदिवासीका थुप्रै प्रथाजनित अभ्यास र परम्परागत ज्ञानमाथी हस्तक्षेप हुँदा आदिवासी समुदायले थातथलो नै छोड्नु परेको महासंघले जनाएको छ । हाल कायम रहेका निकुञ्ज, संरक्षित क्षेत्रलगायतमा समेत प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको अधिकारलाई सुनिश्चित गर्न महासंघले सरकार समक्ष माग गरेको छ ।

**यूएईमा रोजगार**
कम्पनी : LAHEJ & SULTAN CLEANING SERVICES & GENERAL MAINTENANCE CO.
पूर्व स्वीकृत मिति: २०८१/०७/२३ चलानी नं.: ६०२२७६४० LT. No.: 313302 शहर: ABU DHABI

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 150 | 50 | स. काममा दक्ष | 800 | २९,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Golden Achievers International Pvt.Ltd
Basundhara Chauki Kathmandu, Tel: 01-5914478,01-5919381.
Mobile: 9818261234, 9803552057, 9808752412 Itahari: 02 -5590780, 9852085280, 9818455280, 9815360066
Email: goldenint111@gmail.com, web:www.goldenach.com

**साउदीमा रोजगार**
कम्पनी: AL-ASHQAR CONTRACTING COMPANY शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०७/२३ चलानी नं.: ६०२२७६३९ L.T. No.: 313297

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pastry & bakery Cook | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Success Nepal Manpower Agency Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Phone No : 4970109
Lic. No. 987/067/068

कथा

# अप्रत्यासित दृश्य



■ इन्द्र कुमार श्रेष्ठ सरित्

अप्रयात्सित दृश्यले शरण शर्माको छातीमा भ्वाक्कै हिर्कायो । छातीमा उठेको पीडाले गर्दा ऊ पक्र्लक्कै ढल्यो । उसको मस्तिष्कलाई यो दृश्यले किचिमिचि नै पाऱ्यो । कहालीलाग्दो दृश्य देख्दा नतः उसले ऐया भन्न सक्यो, नतः आत्था भन्न नै सक्यो । छातीमा असहनीय पीडा उम्लिँदा आँसु बनेर शरण शर्माको आँखाबाट पोखियो । ऊ लमतन्न भूइँमा लडिरह्यो । आँखा अगाडि कोइलाजस्तो कालो छाइरह्यो । कोही आएनन् उसलाई उठाउन । उसले पनि उठ्ने उपक्रम गरेन । जीवनको कुनै मोडमा यसरी अप्रयात्सित पीडित र निरीह भएर लम्पसार पर्नुपर्ला भन्ने उसले कल्पना पनि गरेको थिएन । डाक्टरले चेकजाँच गरेर दिएको औषधीले ऊ रातभरि बेसुध भएर सुतेछ ।

आजभन्दा करीव ३५ बर्षअघिसम्म ताप्लेजुङ र संघीय राजधानी काठमाडौंको दूरी कहालीलाग्दो नै थियो । त्यो कहालीलाई चिर्दै शरणले यही सहरमा माष्टर्ससम्मको पढाई पूरा गऱ्यो । करीब दश वर्षसम्म सानोतिनो गैरसरकारी संस्थामा जागिर खाँदै जीवनको तलाउमा आफूलाई हेलाइरह्यो । करीब एक दशकपछि उसको जीवनमा निकै ठूलो खुसी आयो, बहार आयो । लब्ध प्रतिष्ठित अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामा आबद्ध भएपछि उसको आर्थिक अवस्था पनि उकासिँदै गयो । यसैक्रममा अभिनेत्री सीताष्मा सेठसँग उसको भेट भयो । पहिलो भेट मित्रतामा परिणत हुँदै विवाहमा परिणत भयो । शरण ओछ्यानमै गुडुल्किएर एलबमका पानाहरू पल्टाएर बितेका दिनहरूलाई फेरि वर्तमानमा पढिरहेछ, देखिरहेछ, मनमा सुम्सुम्याई रहेछ ।

सानो तर, चिटिक्क परेको घरलाई सीताष्माले आफूमा भएको कलाको प्रयोग गरेर झनै सुन्दर बनाइन् । यो सुन्दर घरआँगनमा खेल्न दुई फूल पनि पालैपालो फक्रिए । कार्यालयको कामले दिनभरिको भागदौड र थकानलाई आफ्ना दुई औरस मुस्कुराएको देखेर शरणले सबै बिर्सिन्थ्यो । सीताष्माजस्ती गुणवती, ममतामयी र स्नेहालु जीवनसाथी पाएर शरण त्यसैत्यसै दंग थियो ।

'आज त नानीबाबुहरू चाँडै सुते । हजूरको लागि खाना पस्किउँ ?" सीताष्माको प्रश्नको जवाफमा शरणले उनलाई तानेर आफ्नो काखमा राख्छ । शरणको आशय बुझेपछि सीताष्माले मुस्कुराउँदै हात छुटाएर खाना पस्किन जान्छिन् ।

साढे तीन दशकको अवधिमा शरण हाङपाङ, ताप्लेजुङ साढे तीन पटकमात्रै नै पुग्यो होला । बेला-बेलामा ऊ आमाबुबालाई राजधानी झिकाउँछ । छोराबुहारी र नातिनातिनाको संगतमा बूढाबूढीले गाउँ फर्किनै बिर्सन्छन् तर व्यवहारले उनीहरूलाई बलजफ्ती हाङपाङ डोऱ्याइहाल्थ्यो । आमाबाबुका लागि शरणले पैसा र ओखतीमूलोमा कहिल्यै कन्जुस्याई गरेन भने शरणको निर्णयमा सीताष्माले पनि कहिल्यै हस्तक्षेप गरिनन् । आर्थिकरूपले सम्पन्न, मायाप्रेमले भरिपूर्ण र सन्ततिले काख परिपूर्ण भएको शरणको परिवार कतिका लागि उदाहरणीय थियो भने कतिका लागि ईर्ष्याको विषय पनि थियो । तर, उसले आफ्नो घर, परिवार र कर्तव्य र जिम्मेवारीबाहेक अरु केही देखेन र केही सोंचेन पनि ।

चियाको मुनाझैं छोराछोरी हुर्किँदै गए । छोरीछोरी दुबै कलेज जान थालेपछि फुर्सदको समयलाई सदुपयोग गर्न सीताष्माले पनि सानोतिनो अनलाइन व्यापार सुरु गरिन् । यस काममा सीताष्मालाई उनको भिनाजु रामअवतार अग्रवालले पनि साथ दिए । सीताष्माको मन पनि भुलिने र दुई पैसा आम्दानी पनि हुने सीताष्माको योजनामा शरणले आपत्ति जनाएनन् बरु सहमति नै दिए । त्यसैले व्यापारका लागि लुगा कपडा लिन उनी महिनामा एक पटक भिनाजु रामअवतार अग्रवालसँग कहिले दिल्ली त कहिले सुरत जान थालिन् । सीताष्माको काममा शरणले कहिल्यै हस्तक्षेप गरेनन् । कुनै प्रश्न पनि गरेनन् । उनी काममा व्यस्त हुन थालेपछि नानीबाबुको हेरचाहका लागि देउकीलाई सहयोगीका रूपमा राखेका थिए । अधवैंश देउकीसँग केटाकेटी पनि निकै झ्याम्मिएका थिए । उनी पनि केटाकेटीलाई निकै मायालु पाराले हेरचाह गर्थिन् ।

'अनलाइन व्यापार सोंचेभन्दा राम्रै भैराछ, एकजना सहयोगी राख्न पाए हुन्थ्यो', बिहानीको चिया समयमा सीताष्माले शरणसँग सहमति चाहिन् ।

'व्यापार राम्रो भएको त राम्रो हो नि । सहयोगी नै चाहिएको हो भने विचार गर तर नानीबाबुहरूलाई पनि अलि ध्यान देऊ है । दुबैको अल्लारे बल्लारे उमेर छ', शरणले सीताष्मालाई नियालेर हेर्दै भन्यो ।

दुबैको सल्लाहमा एउटी किशोरी रूपा झा पनि सहयोगीको रूपमा शरण–सीताष्माको घरमा आइन् । फुर्सदको समयमा टिकटक फेसबुकजस्ता सामाजिक सञ्जालमा व्यापार प्रवर्द्धन गर्न सीताष्मालाई रूपा र देउकीले पनि सघाउन थाले । केटाकेटी कलेज जानेबित्तिकै सीताष्मा व्यापारको प्रचार प्रसार गर्न टिकटक लाइभमा बस्न थालिन् । टिकटक लाइभबाटै पनि उनले राम्रै आम्दानी गर्न थालिन् । केटाकेटीलाई भने आमाको व्यापार व्यवसायमा खासै रुचि थिएन । उनीहरू घर, कलेज, पढाई र आफ्नै साथीभाईहरूको समूहमा रमाइरहेका थिए । उनीहरूका कतिपय साथीहरू घरमै पनि आइरहेका हुन्थे ।

'सीता १ अफिसको कामले एक हप्ताका लागि हङकङ जानुपर्ने भयो । भिसा पनि रेडी भैसक्यो । भोलि नै जानुपर्छ । व्यस्तताले मैले तिमीलाई भन्न भ्याएको थिइन । मेरो आवश्यक सामान प्याक गरिदेऊ है', शरण कार्यालय हिँड्ने बित्तिकै सीताष्मा कसैसँग फोनमा व्यस्त भइन् । छोराछोरी कलेज गए कि गएनन् भन्ने पनि उनले थाहा पाइनन्, देउकीले भनेपछिमात्र उनले थाहा पाइन् । शरण हङकङ गएपछि सीताष्मा झन् रातरातभरि टिकटक लाइभमा व्यस्त हुन थालिन् । त्यस्तो बेलामा केटाकेटीको ध्यान देउकीले नै राख्थिन् ।

'देउकी, आज रातको खानामा पाउना आउँछन् । त्यसैले बजार गएर माछा, मासु र आवश्यक सबै सामान लिएर आइज । ला, मैले याँ 'लिष्ट बना'की छु', देउकी बजार गएपछि सीताष्माले छोराछोरीलाई फोन लगाइन्, तर दुबै जनाले फोन उठाएनन् । त्यसपछि सीताष्माले टिकटकमार्फत् अर्डर गरेको सामान कुरियरबाट पठाउनलाई प्याक गर्न थालिन् । सामान प्याक गरिसक्दा बजारबाट देउकी पनि फर्किन् ।

'मासु राम्रो ल्याइस कि त ?', सीताष्माले झोला हेर्दै सोधिन् । 'सामान राखेर भुजा पस्किहाल है ।'

'फल मासु नै ल्या'की छु नि, हजूर । हस्, हजूर । म पस्किहाल्छु ।'

साँझमा खाना खानेगरी कतिजना पाहुना आउने हुन् भन्ने जानकारी पाएपछि आफूले जानेसम्म देउकीले माछा, मासु लगायतको परिकार निकै मिहिनेतपूर्वक तयार पारिन् । झमक्क साँझ नपर्दै रामअवतार आफ्नो स्कोरपिओ चढेर आइपुगे । स्वागतमा पहिला शैम्पेनको बोतल खोलियो । शैम्पेनपछि विदेशी ह्वीस्कीको बोतल रित्तिन थाल्यो । केटाकेटी खाएर सुतिसकेका थिए । रूपा पनि आफ्नो डेरा गैसकेकी थिइन् । आधारात भएपछि आफूहरूले खाना नखाने र देउकीलाई पनि गएर सुत्न आदेश प्राप्त भयो । रामअवतारले पनि यतै विश्राम गरे । शरण नफर्किउञ्जेल दिनहुँ यो क्रम चलिरह्यो । एक हप्तामा शरण हङकङबाट फर्किएपछि यो क्रम पनि रोकियो, आँधी आउनुअघिको मौनताजस्तै ।

त्यही मौनता तोड्दै घरमा ठुलै आँधी आयो । जीवनमा पहिलोचोटी शरणले सीताष्मामाथि हात उठाए । प्रतिक्रियामा उनले घरके टोलै उचालुँलाझैं गरिन् । उनी आफ्नो डाँकोले नै शरणलाई जित्न खोजिरहेकी थिइन् तर आफू हङकङमा हुँदा नै प्राप्त भएको भिडियो सीताष्मालाई देखाई दिएपछि उनी घाममा परेको पालुंगो सागझैं लत्यालुतुक भइन् ।

'बेइज्जती चरित्रहीन आईमाई । तँ यो हदसम्मको नीच र पतीत होलिस् भन्ने मैले सोंचेकै थिइन । यसकै आधारमा आज नै र अहिले नै म तँलाई डिभोर्स दिन सक्छु तर छोराछोरीको मुख हेरेर म त्यसो गर्दिन', बाबुआमाको झगडालाई चियाइरहेका छोराछोरीहरूलाई अंगालो हालेर बैठक कोठातिर लाँदै उसले भन्यो, 'तिमीहरू टेन्सन नलेओ, यो लोग्नेस्वास्नीको झगडामात्र हो । पछि सबै ठिक हुन्छ । छिटो खाजा खाएर तिमीहरू कलेज गैहाल है । तिमीहरूले मामुलाई केही नभन्नु है ।'

शरण आज कार्यालय पनि गएन । गम खाएर धुम्धुम्ती बैठकमा बसिरह्यो । सीताष्माको कुनै कुराको पनि उसले जवाफ दिइरहेको थिएन । सीताष्माले फेरि प्रतिक्रिया देखाउन थालेपछि उनलाई पर धकेल्दै भन्यो, 'म तँजस्तो पतीत र भ्रष्ट हैन । मेरो ज्यान गए पनि यो कुरा म छोराछोरीहरूलाई भन्दिन र आजदेखि तेरो टिकटक र अनलाइन व्यापार सबै बन्द गर नत्र मैले के गर्छु तैंले कल्पनासम्म पनि गर्न सक्दिनस् ।'

माया, प्रेम र विश्वासको धागोले एक बनाएर राखेको परिवार छिन्नभिन्न नभए पनि एकाएक मौन हुन पुग्यो । हार्दिकरूपमा सबैजना एक अर्कासँग टाढा-टाढा हुन थाले । शरणले जत्ति नै मायाको लिउन्ले लिप्न खोजे पनि छोराछोरी ऊदेखि पनि अलि पर पर हुँदै जान थाले । छोराछोरी हरेक कुरामा डराएजस्तो, धकाएजस्तो र बाबुआमासँग चिढिएजस्तो देखिन्थे । यस कुराले शरणलाई झन् पीडा दिइरहेको थियो । तैपनि घरको वातावरण अरु नखलबलियोस् भन्ने कुरामा ऊ हरदम सचेत थियो । किनकि सीताष्मामाथिको उसले राखेको विश्वासको पहाड गर्ल्याम्मै ढलिसकेको थियो भने उनको व्यवहारबाट पनि शरण सन्तुष्ट हुन सकिरहेको थिएन । यही समयमा एक दिन कलेज गएकी छोरी संस्कृति घर फर्किनन् । आफन्त, छिमेकी र साथीभाई चारैतिर खोज्दा पनि नभेटेपछि प्रहरी प्रशासनको शरणमा पर्दा पनि संस्कृतिको अत्तोपत्तो



> छोरा घर फर्किने बाटो हेर्दाहेर्दै शरणको अगाडि रहेको बोतलको वाइन धेरै घटिसकेको थियो तर शशांक अझै घर आएको थिएन । राति दश बजेतिर घरको घण्टी बजेकोले ऊ आफैले ढोका खोलिदियो । तर बाहिरको दृश्य देखेर ऊ अवाक भयो । उसको बक् फुटेन । माइल स्टोनझैं ऊ ढोकामा उभिएको उभिऐ भयो ।

चलेन । करीब दुई हप्तापछि अञ्जान नम्बरबाट फोन गरेर संस्कृतिले आफ्नै स्वेच्छाले अमेरिकी नागरिक अल्बर्ट जोनाससँग विवाह गरेको र तीन/चार महिनापछि घरमा भेट्न आउने कुरा गरेपछि शरणले फोन आएको लोकेशन पत्ता लगाउने धेरै कोशिस गऱ्यो तर, सकेन । स्वेच्छाले विवाह गरेर गएको भनेपछि प्रहरीले पनि संस्कृतिलाई खोजतलाश गर्ने जाँगर देखाएन, फलस्वरूप शरणले जिन्दगीमा पहिलो चोटी रक्सीलाई साथी बनायो तर सीताष्मासँग यस बारेमा कुनै कुरा गरेन । ऊ बिछ्यौनामै बसेर रक्सीसँग आफ्नो पीडा साटिरहेको बेलामा देउकीले आएर उसलाई ग्वाम्मै अँगालो हालिन् ।

'देउकी, यो के गरेकी ? तँ होस्मा त छेस् ?', देउकीलाई झड्कारेर पर हुत्याउँदै शरण जंगियो ।

'म होसमै छु हजूर । हजूरलाई मैंसाब र रामअवतारको भिडियो पठाएर वास्तविकता जानकारी गराएको पुरस्कार दिनुहुन्न मलाई ?' देउकीले नखरा पार्दै भनिन् ।

'ए, कुरा त्यसो पो ? ठिक छ यो महिनाको तलब दिँदा एक महिनाको तलब बराबरको रकम इनाम स्वरूप दिउँला । अहिले तँ यो कोठाबाट गैहाल र अब आइन्दा यस्तो हर्कत गरिसभने राम्रो हुन्न ।' देउकीले अरु प्रतिक्रिया देखाउन खोज्दै थिइन्, शरणले उसलाई बलपूर्वक कोठाबाहिर गलहत्याई दियो । ऊ आग्नेय नेत्रले शरणलाई हेर्दै त्यहाँबाट बाहिरिई ।

धेरै दिनपछि छुट्टीको दिन बाबुछोरा आमनेसामने भए । देउकीलाई कामबाट निकालिसकेको हुनाले भात भान्साको काम रूपाले सम्हालेकी थिइन् । त्यसैले बाबुछोराका लागि शरणले कफी बनाएर ल्यायो र एउटा कप आफूले लिएर एउटा कप छोरो शशांकलाई दियो । 'बाबु, अब तिम्रो फाइनल एक्जाम कहिलेदेखि हो नि ?'

'अर्को हप्तादेखि हो, बाबा । बाबा, संस्कृतिको फोन आएको थियो । उसको त हस्बैन्डसँग डिभोर्स भएछ । अहिले ऊ अमेरिकामै रहिछे । एउटा इण्डिएनको रेष्टुरेन्टमा काम गर्छिन् अरे ।', छोराको कुरामा शरणले कुनै प्रतिक्रिया व्यक्त गरेन । बरु उसले छोरालाई सोध्यो, 'अनि बाबु । ब्याचलर सकेपछि माष्टर केमा गर्छौ ? के सोंचेका छौ ? कि विवाह गर्ने सोंचमा छौ ?'

'म जे गरे पनि हजूरसँग सल्लाह गरेरै गर्छु, बाबा ।', छोराको कुरा सुनेर शरणले सस्नेह छोराको गाला सुम्सुम्यायो र अँगालोमा बेऱ्यो, 'बाबु, अब तिमी नै एकमात्र मेरो आशा र भरोसा हौ ।'

छोरीको अवस्था सुनेर शरणको छाती चिरियो तर, घर छाडेपछि जम्माजम्मी एक पटकभन्दा उसको छोरीसँग दोहोरो कुराकानी भएको छैन । उसले बुझेको छ, जिन्दगीमा पहिलोचोटी आमाबाबुको झगडा देखेकी छोरीले त्यो झगडामा दोषी बाबुलाई नै ठानेकी छ । शरणले चाह्यो भने छोरीको त्यो भ्रम हटाउन नसक्ने हैन तर त्यसोगर्दा छोरीको दृष्टिमा आमाको इज्जत र गरिमामा ह्रास आउने यथार्थबोधले उसले यो सत्यको उद्घाटन जीवनपर्यन्त नगर्ने अघोषित बाचा आफूले आफूसँग नै गरेको छ ।

अचेल बाक्लै रूपमा आइरहने छोराका साथीहरूका बारेमा पनि शरणले शशांकसँग निकै जिज्ञासा राखिसकेको छ । उसलाई अचम्म पनि लाग्छ, शशांकको कुनी केटी साथी नै छैनन् कि भए पनि उसले तिनीहरूलाई घरमा ल्याउन नचाहेको हो ? घरमा त उसका केटा साथीहरूमात्र आउँछन् ? तर बिस्तारै-बिस्तारै सामान्य हुँदै गएको छोरोलाई अरु प्रश्न सोधेर उसले हैरान बनाउन चाहेन । किनकि छोरो घर बाहिर जानेबित्तिकै सीताष्माको प्रतिक्रिया सुरु भैहाल्छ । रुने, कराउने र शरणलाई धम्क्याउँदै ऊ भोक हडतालमा उत्रिए पनि शरणले कुनै प्रतिक्रिया व्यक्त गर्दैन । घरमा यत्ति ठूलो काण्ड घटे पनि उसले सीताष्मालाई लाउन, खान, बोल्नमा प्रतिबन्ध लगाएको छैन मात्र उनलाई घर बाहिर जान र अनावश्यक मानिसलाई घरमा बोलाउन निषेध गरेको छ । यही कुरामा नुनचुक लगाएर उसले माइतीलाई पनि सुनाइन् तर, आफूलाई धेरै दवाब दिए विषय छोडपत्रसम्म पुग्ने कुरा रौद्ररूप धारण गर्दै शरणले बताएपछि माइतीपक्ष पनि एक कदम पछाडि हट्न बाध्य भए ।

सधैं मायाको मिठासयुक्त मधुर हाँसो गुञ्जिने घरलाई अचेल मौनताले जितेको छ । केही पो भइहाल्ला कि भन्ने त्रासले गाजेजस्तो मनहरू त्यसैत्यसै सन्त्रस्त छन् । मैले माया दिएँ, मन दिएँ, तन दिएँ, धन दिएँ, इज्जत दिएँ तैपनि किन उनले यस्तो कदम उठाइन् ? मबाट के कमी भएको थियो र ? किन उनले कहिल्यै नमेटिने घाउ दिइन ? वाइनको प्रत्येक घुँटमा शरण आफैलाई प्रश्न गर्छ, तर आफैले गरेको प्रश्नको उत्तर ऊ आफैसँग छैन । जोसँग उत्तर छ, उसले नाटक गरेर जवाफ ओकल्नै चाहँदैन । आफूभित्रको आक्रोशलाई ऊ वाइनको गिलास भूइँमा बजारेर शान्त गर्छ ।

शशांकको स्नातक तहको अन्तिम परीक्षा चलिरहेको छ । परीक्षाकै बेलामा पनि शशांकले आफूलाई केही भन्न चाहेको जस्तो नलागेको होला शरणलाई तर परीक्षा चलिरहेकोले उसको पढाईमा बाधा होला भनेर उसले केही सोधेन, बरु दत्तचित्त भएर पढ्नमात्र भनिरह्यो । भोलि त उसको अन्तिम परीक्षाको दिन हो त्यसैले परीक्षा सकिएपछि ऊ साथीहरूसँग घुमघाम गरेर अलि ढिलोमात्र घर आउने कुरा उसले शरणलाई भनिसकेको थियो ।

शरण कार्यालयबाट समयमै घर आइसकेको थियो । छोराको परीक्षा समाप्त भएकोले उसलाई मनपर्ने खानेकुरा बनाउन शरणले रूपालाई अह्राईसकेको थियो । छोरा घर फर्किने बाटो हेर्दाहेर्दै शरणको अगाडि रहेको बोतलको वाइन धेरै घटिसकेको थियो तर शशांक अझै घर आएको थिएन । राति दश बजेतिर घरको घण्टी बजेकोले ऊ आफैले ढोका खोलिदियो । तर बाहिरको दृश्य देखेर ऊ अवाक भयो । उसको बक् फुटेन । माइल स्टोनझैं ऊ ढोकामा उभिएको उभिऐ भयो ।

'मैले बिहे गरैं, बाबा । जत्ति नै माया दिए पनि धोका दिने स्त्री जातिलाई के जीवन साथी बनाउनु भनेर सलिन सिंहलाई मैले जीवनसाथी बनाएर ल्याएँ । हामीले मन्दिरमा विवाह गऱ्यौं । अब उसलाई यो घरमा भित्र्याउँनु हुन्न त, बाबा ?', आफ्नो सुकुमार छोरोभन्दा पनि मुस्टण्डे केटो छोरोले जस्तै माला र टिका लाएर कैलो जुंगा फुरफुर पारेर शरणलाई हेर्दै मुसुमुसु मस्कुराइरहेको थियो । अप्रयात्सित देखापरेको यो दृश्यले शरण शर्माको छातीमा भ्वाक्कै हिर्कायो । छातीमा उठेको पीडाले गर्दा ऊ पक्लकै ढल्यो ।

कविता

## युवा उठ अब



अच्युतप्रसाद पौडेल 'चिन्तन'

युवाहरू उठ अब उठ्ने बेला भयो
सुत्ने बेला होइन अब जुट्ने बेला भयो
तिमी हाँसे देश हाँस्छ बुझ्ने बेला भयो
खेतबारी बाँझो राख्दा रुने बेला भयो
देश दुख्दा चुप लाग्ने बेला अहिले होइन
देश छोडी विदेशतिर धाउने बेला होइन
युवा जोस जाँगर अहिले फाल्ने बेला होइन
घर गोठ रित्तै पारी भाग्ने बेला होइन
हिजो थियो तिम्रो खाँचो अस्ति पनि तिम्रै
आज अहिले तिम्रै खाँचो भोलि पनि तिम्रै
देश हाँक्ने युवा नै हुन् वृद्धहरू होइन
रोगी वृद्ध खुम्रेहरू नेता बन्ने होइन
डुब्नै लाग्यो घाम हेर धुकधुकी नै छैन
अस्ताएका वृद्धहरू बुझ्ने कहिल्यै होइन
वृद्ध आश्रम खालि छ है पठाऊ तिनलाई धाम
युवा अब सशक्त होऊ देश आफैं छाम
युवा अब सशक्त होऊ देश आफैं छाम ॥

## चार मुक्तक



गणेश लोहनी

१.
उटपट्याङ बहानामा भाषा खाए भेष खाए
जे जे खान मिल्छ सारा नराखेर शेष खाए
बाँदरको हातमा नरिवल पछुताएर के गर्नु
छद्मभेषी लुटेराले लाजै नमानि देश खाए ॥

२.
छिनालियो कठै ! गर्दन रगत बगिरह्यो
मारखानेका अश्रु-धारा फगत बगिरह्यो
अहिंसाको बुद्ध-शिक्षा भालुलाई पुराण
रक्त-रञ्जित प्रवाहमा जगत बगिरह्यो ॥

३.
पैतृक कमाइ खर्चन निमग्नहरूका कुरा नगर्नु
उनकै सिप र श्रमले सम्पन्नहरूका कुरा नगर्नु
नितान्त आफू र आफ्नाका स्वार्थपूर्तिमै मस्त
पितृलाई नसम्झने कृतघ्नहरूका कुरा नगर्नु ॥

४.
साथमा रहेकी प्रेयसी बटारिँदा रुन्छ
केही हत्याउनलाई अरु हतारिँदा रुन्छ
सँधै आफ्नो मात्र हित चिताउँछ मान्छे
रमाउँछ ऊ माथि पुग्दा पछारिँदा रुन्छ ॥

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | पुराना कार्य सम्पन्न हुनेछन् । भवन निर्माण कार्यमा खर्चको योग छ । |
| वृष | : | दैनिक जीवन सुखी रहनेछ । आहारमा ध्यान दिनुहोला । |
| मिथुन | : | भाग्यमा वृद्धि हुने योग छ । नयाँ सम्पर्क बन्नेछ । |
| कर्कट | : | पेट सम्बन्धी समस्याको योग छ । आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । |
| सिंह | : | बाहिरी सहयोगमा कमी आउनेछ । कुनै पनि कार्यमा हतार नगर्नुहोला । |
| कन्या | : | शुभ समाचार प्राप्त हुनेछ । व्यावसायिक यात्रा सफल हुनेछ । |
| तुला | : | जग्गा खरिद हुने योग छ । सम्मानमा वृद्धि हुनेछ । |
| वृश्चिक | : | स्वास्थ्य राम्रो रहनेछ । राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ । |
| धनु | : | काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुसी प्राप्त हुनेछ । |
| मकर | : | कुम्भ : पारिवारिक कार्य सफल हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । |
| कुम्भ | : | सामान्य रोकावटले मनमा अशान्ति दिनेछ । पैतृक कार्यमा सफलता मिल्नेछ । |
| मीन | : | व्यर्थको यात्रा र हैरानीको योग छ । साहसिक कार्य सफल हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# खुसीको खोजी

कथा



■ सत्यजीत

एउटा रमणीय जङ्गल कागको वासस्थान थियो, धेरै कागहरूमध्ये एउटा काग अरूभन्दा धेरै बाठो र जिज्ञासु थियो, साथै ऊ धेरै खुसी पनि थियो किनभने उसका धेरै इच्छाहरू थिएनन् । ऊ आफ्नो जीवनमा सन्तुष्ट थियो, तर उडानको क्रममा एक पटक उसले जङ्गलमा एउटा हाँस देख्यो र देख्ने बित्तिकै सोच्न थाल्यो, यो प्राणी कति सुन्दर छ, यस्तो प्राणी मैले पहिले कहिल्यै देखेको थिइनँ । त्यसैले यस्तो सफा र सेतो हाँस पक्कै पनि सबैभन्दा खुसी प्राणी हुनुपर्छ । यो जङ्गलका अरू पन्क्षीभन्दा ऊ धेरै सेतो र सुन्दर छ, त्यसैले यो धेरै खुसी हुनुपर्छ ।

कागले हाँस कहाँ गएर सोध्यो, "भाइ, तिमी यति सुन्दर छौ, त्यसैले त तिमी धेरै खुसी हुनुपर्छ ?" त्यसमा हाँसले जवाफ दियो, "हो म पहिले सुगा नदेखेसम्म धेरै खुसी थिएँ, जब मैले सुगा देखें त्यसपछि लाग्छ, सुगा पृथ्वीको सबैभन्दा सुन्दर प्राणी हो । हामी दुवैको शरीरमा एउटै रङ छ, तर सुगाको शरीरमा दुई वटा रङ छ ।" उसको घाँटीमा रातो रङ थियो र शरीर चम्किलो हरियो रङ्गको थियो, साँच्चै यो धेरै सुन्दर प्राणीमा पर्छ ।

अब कागले सोच्यो कि हाँसले सुगालाई सबैभन्दा सुन्दर भन्छ, सुगा हेर्नै पर्ने भो । कागले सुगाको धेरै खोजी गऱ्यो । जब सुगासँग भेट भयो उसले सोध्यो, "भाइ दुई रङ पाएर तिमी धेरै खुसी हुन्छौ होइन र ? त्यसको जवाफमा सुगाले भन्यो, हो म मयूर नदेखेसम्म खुसी थिएँ । मसँग दुई वटा रङ मात्र छन् तर, मयूरको शरीरमा धेरै रङ छन् । ऊ रङ्गीचङ्गी र हामीभन्दा धेरै सुन्दर छ ।"

अब कागले सोच्यो कि सबैभन्दा खुसी को छ भनी अनुसन्धानको क्रममा मयुरको खोजीमा लाग्यो । उसले जङ्गलभर मयूर खोज्यो तर, पूरै जङ्गलमा एउटै पनि मयूर फेला पर्न सकेन । उसले मयूर खोज्दै जाँदा चिडियाखानामा पुगेर मयूरलाई हेर्न धेरै मानिसहरू आएको देख्यो र वरिपरि मानिसको ठुलो भीड थियो । सबै जना गएपछि कागले मयूरलाई सोध्यो, "भाइ तिमी संसारकै सबैभन्दा सुन्दर प्राणी हौ र तिमी बहुरङ्गी छौ । तिमीसँग धेरै मानिसहरूले तस्बिर खिचिरहेका थिए । तिमी धेरै राम्रो महसुस गरिरहनु भएको हुनुपर्छ र तिमी संसारको सबैभन्दा खुसी प्राणी हुनुहुनेछ ?"

त्यसको जवाफमा मयूरले दुःखी हुँदै भन्यो, "भाइ म सुन्दर भए पनि के फरक पर्छ ? मानिसहरूले मलाई यो चिडियाखानामा कैद गर्छन्, तर तपाईंलाई कसैले चिडियाखानामा कैद गर्दैन र तपाईं आफ्नो इच्छाअनुसार संसारभर जहाँ चाहनु हुन्छ, त्यहाँ घुम्न सक्नु हुन्छ । तसर्थ, तपाईं संसारको सबैभन्दा सन्तुष्ट र सुखी प्राणी हुनुपर्दछ, किनभने तपाईं स्वतन्त्र जीवन बिताउन सक्नु हुन्छ ।"

काग छक्क पऱ्यो, किनभने उसलाई अरू कसैले आफ्नो जीवनको महत्व बताइदियो । मित्रहरू, हामी पनि त्यस्तै गर्छौं । हामी आफ्नो खुसी र गुणहरू अरूसँग तुलना गर्छौं, जसको जीवन वातावरण हामीभन्दा पूर्णरूपमा भिन्न छ । हाम्रो जीवनमा धेरै चीजहरू छन्, जुन हामीसँग मात्र छ, तर हामी तिनीहरूको महत्त्व बुझ्दैनौं । तर अरूको सानो खुसी पनि हामीलाई ठुलो लाग्छ, आफ्नो ठुलो खुसीलाई हामी बेवास्ता गर्छौं र अनावश्यक प्रतिस्पर्धाले हाम्रो मानवीय मूल्यमान्यतामा ह्रास आइरहेको छ । हामीले हाम्रो मानवीय मूल्यमान्यता, आफ्ना विशिष्ट क्षमता, शैली, नैतिकता, इमानदारिता, देश, समाज र जनताप्रतिको दायित्वलाई बुझौं । देखासिखी होइन आफ्नोपनको महत्त्व बुझौं र खुसी बनौं ।

# युरोपले रक्षा खर्च बढायो, सैनिकको अभाव



**काठमाडौं/एजेन्सी–** रूसले युक्रेनमाथि आक्रमण गरेपछि युरोपले रक्षा खर्च बढाएको छ तर सैन्य जनशक्तिलगायत उसको प्रतिरक्षा क्षमता अझै अपुग रहेको बेलायती सुरक्षा थिंक ट्यांकले शुक्रबार बताएको छ ।

डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्केपछि उहाँले युरोपेली सुरक्षा नीतिमा अमेरिकी अडानलाई परिवर्तन गर्न सक्ने र युद्धग्रस्त युक्रेनलाई सहयोग गर्न नसक्ने आशंका बढेको बेला इन्टर नेसनल इन्स्टिच्युट फर सेक्युरिटी स्टडिज (आईआईएसएस) ले यस्तो निष्कर्ष निकालेको हो ।

आईआईएसएसले प्राग सुरक्षा सम्मेलनको आयोजना गर्दै गर्दा आफ्नो पछिल्लो रिपोर्ट प्रकाशित गरेको छ, जसमा राजनीतिज्ञहरू, सेनाका अधिकारीहरू र अन्य विशेषज्ञहरूलाई युरोपको रक्षा मुद्रा बढाउने उपायहरूबारे छलफल गर्न भेला गरिएको छ। सन् २०२२ को फेब्रुअरीमा रूसले युक्रेनमाथि गरेको आक्रमणले युरोपको आफ्नो प्रतिरक्षा गर्ने क्षमतामा थुप्रै कमजोरी उजागर गरेको आईआईएसएसको अध्ययनले देखाएको छ ।

'सन् २०२४ मा नेटोका युरोपेली सदस्यराष्ट्रहरूको रक्षा खर्च रूसले क्रिमियालाई आफ्नो नियन्त्रणमा लिएको सन् २०१४ को तुलनामा करिब ५० प्रतिशत बढी हो,' विज्ञप्तिमा भनिएको छ।

'युरोपेली सशस्त्र बलहरू सबै सैन्य गतिविधिहरूमा फरक-फरक अवस्थामा संयुक्त राज्य अमेरिकामाथि निर्भर छन्,' रिपोर्टमा भनिएको छ ।

अध्ययनमा भनिएको छ, 'शीतयुद्धको अन्त्य पछि र त्यसपछिका दशकहरूमा राजनीतिक निर्णयहरूको परिणामस्वरूप युरोपको शस्त्रागार गम्भीर रूपमा ह्रास भएको थियो। यस क्रममा युरोपमा रक्षा उद्योगपनि संकुचित भएको थियो ।'तर सन् २०२२ देखि युक्रेनको आवश्यकतालाई सम्बोधन गर्दै हतियार निर्माता कम्पनीहरूले प्रतिक्रिया जनाएपछि हवाई प्रतिरक्षा र तोपखानालगायत केही क्षेत्रमा उत्पादनमा उल्लेख्य वृद्धि भएको छ ।

'उदाहरणका लागि, रेनमेटलको विश्वव्यापी वार्षिक १५५ एमएम गोलाबारुद उत्पादन दर दश गुणा बढेर सात लाख पुगेको छ,' जर्मनीको विशाल हतियार उत्पादक कम्पनीलाई संकेत गर्दै अध्ययनमा भनिएको छ ।

# ह्वाइट हाउसको 'चिफ अफ स्टाफ'मा विल्सको चयनसँगै ट्रम्पको पहिलो नियुक्ति



**काठमाडौं/एजेन्सी–** अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपतिमा निर्णायक विजय हासिल गरेपछि बिहीबार मन्त्रिमण्डलका पहिलो सदस्यको नियुक्तिको घोषणा गरेका छन् ।

उनले रूसी नेता भ्लादिमिर पुटिनसँग कुरा गरेर निवर्तमान प्रशासनको नीतिलाई तोड्ने आफ्नो मनसाय रहेको संकेत गरेका छन् । अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पले आफ्नो चुनावी अभियानका व्यवस्थापक सुसी विल्सलाई ह्वाइट हाउसको 'चिफ अफ स्टाफ'को रूपमा काम गर्नेगरी जिम्मेवारी तोकेका छन् । ट्रम्पले पहिलो नियुक्तिमा उच्च ओहोदाको जिम्मेवारीमा महिला सहयोगी छान्दै आफूलाई महिलामैत्री प्रमाणित गर्नु खोजेका छन् ।

डेमोक्र्याटिक नेता तथा अमेरिकी वर्तमान उपराष्ट्रपति कमला ह्यारिसलाई पराजित गर्ने ट्रम्पको विजयले चुनावको दुई दिनमा नै र ह्वाइट हाउस फर्कनुभन्दा साढे दुई महिना अघि नै अमेरिकी र विश्व राजनीतिमा तरङ्ग पैदा गरेको छ ।

रूसी राष्ट्रपति पुटिनले गत जुलाईमा एक र्‍यालीमा हत्याको प्रयासपछि ट्रम्पले आफूलाई सम्हाल्ने तरिकाका लागि 'साहसी' भएको भन्दै प्रशंसा गरेका थिए। अरबपति ट्रम्पले पछि एनबीसी न्यूजसँग भनेका थिए, 'मैले मलाई वर्षौंदेखि बारम्बार प्रशंसा गर्दै आएका पुटिनसँग ऐलेसम्म कुरा गरेका छैन । मलाई लाग्छ हामी कुरा गर्नेछौं ।' सन् २०२२ मा रूसले युक्रेनमाथि आक्रमण गरेयता बाइडेन र पुटिनबीच कायम रहेको चीसो सम्बन्धबाट यो भूकम्पीय परिवर्तन हो र ट्रम्पले बिएभलाई अमेरिकी समर्थनको आलोचना गरेको छ ।

नवनिर्वाचित राष्ट्रपति ट्रम्पले यसअघि उक्त द्वन्द्वमा शान्ति सम्झौता गर्ने बताएका थिए, तर युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बुधबार ट्रम्पसँग कुरा गर्दै युद्धविरामको आह्वान 'खतरनाक' भएको बताएका थिए ।

चिनियाँ राष्ट्रपति सी जिनपिङ यसअघि ट्रम्पलाई बधाई दिने विदेशी नेताहरूको सूचीमा सामेल भइसकेका छन् । ह्यारिसले चुनाव अभियानका क्रममा तानाशाहसँग धेरै मित्रवत व्यवहार गरेको भन्दै आलोचना गरेकी थिइन् ।

ट्रम्पले कागजातविहीन आप्रवासीलाई सामूहिक रूपमा देश निकाला गर्ने आफ्नो योजनालाई दोब्बर बनाउँदै यसको 'कुनै विकल्प नभएको' र 'कुनै मूल्य ट्याग' हुन नसक्ने एनबीसीसँग बताएका छन्।

ट्रम्पले फ्लोरिडास्थित आफ्नो रिसोर्टमा आफ्नो ट्रान्जिसन टिममा काम गर्न थालेपछि बाइडेनले शान्तिपूर्ण र 'व्यवस्थित' तरिकाले सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता जनाएका थिए । सन् २०२० को चुनावमा ट्रम्पले आफ्नो पराजय स्वीकार्न इन्कार गरेको भएपनि यसको विपरीत ८१ वर्षीय अमेरिकी राष्ट्रपति बाइडेनले अमेरिकीहरूलाई 'तापक्रम घटाउन' आग्रह गरेका थिए । डेमोक्र्याट नेताले ट्रम्पलाई ह्वाइट हाउसमा वार्ताका लागि निमन्त्रणा गरेका छन्। तर बाइडेनका प्रवक्ताले भने ट्रम्पको टोलीले कानूनी संक्रमण प्रक्रिया शुरु गर्न अनुमति दिने महत्वपूर्ण दस्तावेजमा हस्ताक्षर नगरेको बताएका छन् ।

ह्वाइट हाउसको रोज गार्डेनबाट सम्बोधन गर्दै बाइडेनले डेमोक्र्याटहरूलाई आशा नगुमाउन आग्रह गर्दै एकताका लागि आह्वान गर्दै भने, 'नबिर्सनुहोस्, हारको अर्थ हामी पराजित हुनु होइन ।' यद्यपि बाइडेनले आफ्नो उमेरको बाबजुद दोस्रो कार्यकालका लागि चुनाव लड्ने प्रारम्भिक निर्णय, जुलाईमा अन्तिम समयमा पद छोड्नुअघि र उपराष्ट्रपति ह्यारिसलाई बागडोर सुम्पिनुभन्दा पहिले नै पार्टीमा औंला उठिसकेको छ । ह्वाइट हाउसले बाइडेनलाई कुनै पछुतो नभएको बताएको छ। प्रेस सचिव करिन जीन पियरेले भने, 'उहाँले त्यो समयमा यो सही निर्णय हो भन्ने विश्वास गर्नुभएको थियो ।'

धाँधली, दुई महाभियोग र ७८ वर्षको उमेरमा सबैभन्दा बढी उमेरका निर्वाचित राष्ट्रपति भएको तथ्यका बाबजुद ट्रम्पको निर्वाचनले बाइडेनको कार्यकालबाट परिवर्तनको लागि मतदाताहरूको चाहनालाई प्रतिबिम्बित गर्दछ । अर्थतन्त्र र आप्रबासी समस्यालाई लिएर व्यक्त भएका मतदाताको चिन्ताले ट्रम्पको जितलाई प्रेरित गरेको छ । ट्रम्पको पहिलो क्याबिनेट चयन वाइल्सलाई उनको टोलीमा व्यापक समर्थन प्राप्त छ र बुधबार बिहान उनको विजय भाषणको क्रममा विशेष गरी स्टेजमा बोलाइएको थियो ।

## कुवेत र साउदीमा रोजगार

कम्पनी: MR. KUWAITI RESTAURANT — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६५० — L.T. No.: 313134

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef Assistant. | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६५,८४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Male) | 5 | 0 | | 120 | ५२,६७४ | | | | | | | |

कम्पनी: ASDAAM SUPPLY & SERVICES CO LTD — शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६५१ — L.T. No.: 313257

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter/installer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | curtainscompound | 1 | 0 | | 1200 | ४३,०३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## युएईमा रोजगार

कम्पनी: BLUE GRASS TOURISM LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६४९ — L.T. No.: 313223

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tickets Sale | 1 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 3. | Tourist Guide (Bell Boy) | 1 | 0 | | 1200 | ४४,००४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMEGA POWER MINDS PVT.LTD.
Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

## साउदीमा रोजगार

कम्पनी: FAHAD SUWAIAN AL HAJRI CONTRACTING ESTABLISHMENT — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६४८ — LT. No.: 313353

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 6 | 0 | स. काममा दक्ष | 1800 | ६४,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: KHALED SAEED AL HARBI & PARTNERS COMPANY — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६४५ — LT. No.: 313354

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: CROWN SHINE CARS ESTABLISHMENT — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६४७ — LT. No.: 313245

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
Gov. Lic No. 190/057/058
Kupondole-10, Kandev Temple, Lalitpur Phone No: +977-15920668, 15920568
Mob: 9703851443, 9841582762, Email: nasserplacement2000@gmail.com

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)
ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७८२५१७, फ्याक्स : ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com
Email: info@manjushreefinance.com.np

## निक्षेप उपर हकदावी सम्वन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०७/२४

हरि नारायण पौडेलको नाति ईश्वरी प्रसाद पौडेलको छोरा वागमति प्रदेश ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ०९ बस्ने यस वित्तीय संस्थाको मुख्य कार्यालय, नयाँ वानेश्वरका खातावाला गोविन्द बहादुर पौडेलको मिति २०७५/०२/१३ मा मृत्यु भएकोले यस संस्थामा रहेको निजको बचत खाता नं. ००१००००३५८०६ मा भएको रकम भुक्तानी पाउँ भनी निज खातावालाको नातिले मिति २०८१/०७/०७ मा आवश्यक कागजात सहित यस संस्थामा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा कसैको हकदावी लाग्ने भए बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले वाटाको म्याद वाहेक १५(पन्ध्र) दिनभित्र स-प्रमाण यस बित्तीय संस्थाको मुख्य कार्यालय, नयाँ वानेश्वरमा हक दावी गर्न आउनुहोला । सो म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र दावी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनावाट सम्बन्धित सवैको जानकारीको लागी सूचित गरिएको छ ।

## यूएईमा रोजगार

कम्पनी: A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६२८ — L.T. No.: 313093

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 50 | | 800 | २९,३३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता दिम्याश्री होटल, पोखरा, कास्कीमा २०८१ मंसिर २ गते (17 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

STARIS HR SERVICES PVT. LTD.
श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762, 9851336470 | 9802320574 | 9802320575

## UAE मा रोजगार

कम्पनी: GULF FIDELITY SECURITY SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६५४ — L.T. No.: 313306

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Gauards (PSBD) | 30 | 5 | सम्बन्धित काममा दक्ष | 2000 | २९,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - DPS | 30 | 5 | | 1200 | ३६,६७० | | | | | | | |

कम्पनी: HANMAEK UAE FZ-LLC — शहर: UAE — पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६५५ — L.T. No.: 313307

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Airless Painter | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mig Welders | 20 | 0 | | 1200 | ३६,६७० | | | | | | | |
| 3. | Sand Blaster | 10 | 0 | | 1200 | ३६,६७० | | | | | | | |
| 4. | Steel Structure Fabricator | 20 | 0 | | 1200 | ३६,६७० | | | | | | | |

कम्पनी: ETIHAD INTERNATIONAL HOSPITALITY (EIH) L.L.C.-SOLE PROPRIETORSHIP L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/१२/०९ चलानी नं.: ६०१९८६२९ — L.T. No.: 283263 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 66 | 6 | सम्बन्धित काममा दक्ष | 800 | २९३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Messenger` | 56 | 50 | | 1000 | ३६६७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।

कम्पनी: ARABIAN ELECTRICIANS ( ARABEL ) — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८०/०६/२६ चलानी नं.: ६०२०९१२३ — L.T. No.: 293997 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 15 | 0 | स. काममा दक्ष | 1200 | ४४,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ३ गते (18 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Al Secure Manpower Recruitment P. Ltd.
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## हार्दिक बधाई तथा शुभकामना

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Your Financial Friend
Dillibazar, Charkhal Road, Kathmandu, Nepal
Ph.: 01-4537401/4537403
Email: info@gurkhasfinance.com.np
URL:www.gurkhasfinance.com.np
सफलताको ३०औं वर्षमा प्रवेश

सफलतापूर्वक २९ औं वर्ष पुरा गरी ३० औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Kamaladi, Kathmandu, Nepal
P.O. Box: 19327
Phone No: +977-1-4226247+977-1-4228671
Fax: +977-1-4228036
Email: info@gibl.com.np

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
Sunrise Biz Park, Dillibazar, Kathmandu
P.O Box No. 2755
Email:-info@lumbinibikasbank.com
Phone:- 01-4413525/4413232/4421696/4421698/4441642
Fax:- 01-4413290

गोरखा मीलेनियम बहुउद्देश्यीय सहकारी संस्था लि.
GURKHA MILLENNIUM MULTI-PURPOSE CO-OPERATIVE LTD.
Minbhawan, New Baneshwor
Kathmandu, Nepal
Phone: 014622883, 4622844,4621137
Email: info@gurkhaml.com
Website: www.gurkhaml.com

Reliable Life INSURANCE LTD.
...Reliable Forever
Reliable Nepal Life Insurance Limited
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4523618, 4523630, Fax No: +977-01-4523657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np

ALL LINK
EG Home Service
Putalisadak, Kathmandu
Krishna Shrestha
9841848040
We Deal: Photocopy, Printer, Fax, Computer Maintainence, All Kinds inject and Laser Cartage Refilling
Spare parts & Recondition Printers & Photocopy Machines are also available here.

rup interiors
CREATING YOUR IMAGINATION
Gongabu, Kathmandu
Ph.: 01-4983247
E-mail: rupinteriors@gmail.com

Er. Ameen Halwai
Royal Nepalgunj Engineering Consultancy Pvt. Ltd.
Nepalgunj-2, Banke
Mob.: 9868183525

Plan Builder Pvt. Ltd.
M.D. Durga Pd. Kurumbang
Dharan-12, Chatara Line
Mob.: 9810534445

Er. Brijendra K.C
Annapurna Engineering Consultancy
Pokhara-16, Lamachaur
Mob.: 9856029202

New Dynamic Engineering Consultancy
Er. Prakash Basnet
Kohalpur, Banke
Mob.: 9868160887

Global Destination Engineering Solution Pvt. Ltd.
Dhangadi-8, Kailali
Mob.: 9809877649

Binod Rai
Director
Air Multi Pvt. Ltd.
Kalikasthan, Kathmandu, Nepal.
Tel.: 01-5901877, Mobile: 9851168899
E-mail: airmulti11@gmail.com

Sahara Engineering Consultancy
Er. Sandeep Basnet
Damak-1, Jhapa
Mob.: 9852683883

The Griha Engineering Consultancy
Er. Bivek Shrestha
Mechinagar-7, Ittabhatta
Mob.: 9851241160, 9852691582
9861091582

PRABHU Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

विश्वको कुनै पनि ठाउँबाट नेपालभर पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

MARCH

## युएईमा रोजगार

कम्पनी: LANDMARK SECURITY SERVICES — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०७/२० चलानी नं.: ६०२२७५३३ — LT. No.: 313124

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 95 | 0 | स. काममा दक्ष | 1300 | ४७,६७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Triveni Hr Solution Pvt. Ltd.
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com

## यूएईमा रोजगार

कम्पनी : ASQALAN CONSTRUCTION & DEVELOPMENT L.L.C. — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२४१७८ — LT. No.: 309574

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Technicians | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 2 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 3. | Brick Masons | 8 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 4. | Building Painters | 3 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 5. | Building Worker/labour | 38 | 0 | | 800 | २९,३३६ | | | | | | | |
| 6. | Construction Carpenter | 11 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 7. | Electrician. | 2 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 8. | Plumber | 3 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 9. | Stone Mason | 6 | 0 | | 1200 | ४४,००४ | | | | | | | |

कम्पनी : ASQALAN CONSTRUCTION & DEVELOPMENT L.L.C. — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२७६२६ — LT. No.: 309573

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Technicians | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 2 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 3. | Brick Masons | 8 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 4. | Building Painters | 3 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 5. | Building Worker/labour | 38 | 0 | | 800 | २९,३३६ | | | | | | | |
| 6. | Construction Carpenter | 11 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 7. | Electrician. | 2 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 8. | Plumber | 3 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 9. | Stone Mason | 6 | 0 | | 1200 | ४४,००४ | | | | | | | |

अन्तर्वार्ता सलेश ट्रेनिङ सेन्टर सिरहामा मिति २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता विदेश ट्रेनिङ सेन्टर जनकपुरमा मिति २०८१ मंसिर २ गते (17 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता नमस्ते जनप्रिय थकाली भान्छा घर पोखरामा मिति २०८१ मंसिर ३ गते (18 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर इटहरीमा मिति २०८१ मंसिर ४ गते (19 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता राम जानकी ट्रेनिङ सेन्टर जनकपुरमा मिति २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर ६ गते (21 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SkyStar Recruitment Pvt.Ltd.
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, Po box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

## ओमनमा रोजगार

कम्पनी : ANHAR AL FAYHA TRADING LLC — शहर: OMAN
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३६५१ — LT. No.: 308972 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason/Plaster Worker | 2 | 0 | स. काममा दक्ष | 120 | ४२,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २५ गते (10 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता ब्राञ्च अफिस , पोखरामा २०८१ कार्तिक २६ गते (11 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

VASTU MANAGEMENT SERVICE PVT.LTD.
श्रम इजाजत नं. ५२६/०६७/०६८
Balkumari, Lalitpur, Nepal, Tel. : 01-5200902/5200306, Mob.: 9828223556, 9808772723.
E-mail : info@vmsnepal.com,vmsnepal@gmail.com

## युएईमा रोजगार

कम्पनी: GLOBAL TALENTS RECRUITMENT SERVICES — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/०७ चलानी नं.: ६०२१०३८१ — L.T. No.: 295337 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Fabricator | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | PLUMBER | 6 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 3. | Riggers | 24 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 4. | SCAFFOLDER | 23 | 0 | | 1200 | ४४,००४ | | | | | | | |
| 5. | Sheet Metal Worker | 18 | 0 | | 900 | ३३,००३ | | | | | | | |
| 6. | WELDER | 19 | 0 | | 1200 | ४४,००४ | | | | | | | |

अन्तर्वार्ता धनुषामा २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता सर्लाहीमा २०८१ मंसिर २ गते (17 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता झापामा २०८१ मंसिर ३ गते (18 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता काठमाडौंमा २०८१ मंसिर ४ र ५ गते (19 & 20 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सन लाईट ह्युमन रिसोर्स प्रा. लि.
Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३
KTM: 9841422188, 9869244000, 9849820500, 9823314269, 9848504481, 9863543144, 9803591957, 9802341585, 9802341581, 9808190681, JHAPA: 9802313475, 9867993690, JANAKPUR: 9801607095, SARLAHI: 9851012646

# खुदी तीन महिना र धारापानी सबस्टेसन डेढ वर्षमा सकिने

**काठमाडौं/मस –** मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजना अन्तर्गत मनाङको नासौं गाउँपालिका-१ धारापानीमा २२० केभी क्षमताको सबस्टेसन निर्माणाधीन छ । आयोजना अन्तर्गतकै लमजुङको मर्स्याङ्दी गाउँपालिका-३ खुदीमा निर्माणाधीन २२० केभी क्षमताको सबस्टेसन निर्माण अन्तिम चरणमा पुगेको छ। धारापानी सबस्टेसन डेढ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको छ । खुदी सबस्टेसन आगामी तीन महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी अन्तिम चरणका कामहरु जारी छन् । धारापानी सबस्टेसन रहने ठाउँको जमिन सम्याउने तथा पावर ट्रान्सफर्मर राखिने स्थान, नियन्त्रण कक्षलगायतका सिभिल संरचनाहरुको निर्माण धमाधम भइरहेको छ। धारापानी र खुदी सबस्टेसनमा क्रमशः २२०-१३२ केभी, १०० एमभिए तथा १३२-३३ केभी, ३० एमभिए र २२०-१३२ केभी, १६० एमभिए तथा १३२/३३ केभी, ५० एमभिए क्षमताका पावर ट्रान्सफर्मरहरु रहने छन्। दुवै सबस्टेसनमा स्थानीय रुपमा विद्युत आपूर्तिका आवश्यक व्यवस्था गरिएको छ । निर्माण सम्पन्न भई सबस्टेसनबाट स्थानीय रुपमा विद्युत् आपूर्ति शुरु भएपछि लमजुङ र मनाङको विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुनेछ ।



नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले स्थलगत अनुगमन भ्रमणमार्फत सबस्टेसन तथा प्रसारण लाइन निर्माण प्रगति, बेहोरिएका समस्या, काम सम्पन्न हुने तालिकालगायतका विषयमा आयोजना व्यवस्थापन, निर्माण व्यवसायीसँग विस्तृत छलफल गरी जनशक्ति थप गरी प्रसारण लाइन तथा सबस्टेसन तोकिएकै समयमा सम्पन्न गर्न निर्माणमा संलग्न सबैलाई आग्रह गरे । साथै, कार्यकारी निर्देशक घिसिङले धारापानी क्षेत्रका स्थानीय बासिन्दासँग छलफल गरी सबस्टेसन तथा प्रसारण लाइन निर्माणमा आवश्यक सहयोग गर्न आग्रह गरेका छन्। 'मर्स्याङ्दी करिडोर प्रसारण लाइनमा जोड्ने गरी सम्झौता गरिएका जलविद्युत् आयोजनाहरुको निर्माण शुरु भइसकेको छ, त्यसैले यो लाइन जतिसक्दो छिट्टो निर्माण सम्पन्न गर्नुपर्ने छ, समयतालिका, कामको गुणस्तरलगायतलाई विशेष ध्यान दिएर निर्माणलाई तीव्रता दिनुपर्ने छ', घिसिङले भने ।

'भौगोलिक विकटतालाई चिर्दै मनाङमा राष्ट्रिय प्रसारण लाइनको विद्युत त पुगेको छ तर, भरपर्दो र गुणस्तरीय विद्युत आपूर्तिको समस्या छ, आपूर्तिका सुधारका लागि पनि जतिसक्दो छिटो प्रसारण लाइन तथा सबस्टेसन निर्माण सम्पन्न गर्नु पर्नेछ ।' सबस्टेसन निर्माणस्थल वरपरका स्थानीय बासिन्दाले राखेका जायज माग पूरा गर्न आयोजना सधैं तयार रहेको बताउँदै उनले पर्यटकीयस्थल मनाङको विद्युत् आपूर्ति सुधारका लागि योजनाबद्ध रुपमा काम अगाडि बढाइसकिएको उल्लेख गरे।

मर्स्याङ्दी र त्यसका सहायक नदीहरुबाट उत्पादन हुने विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाहका लागि मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजना शुरु गरिएको हो । प्रसारण लाइनबाट करिब एक हजार ६ सय मेगावाट विद्युत प्रवाह गर्न सकिने छ । आयोजनाअन्तर्गत चितवनको भरतपुरदेखि मनाङको धारापानीसम्मको ११४ किलोमिटर डबल सर्किट प्रसारण लाइनलाई तीन प्याकेजमा विभाजन गरी निर्माण अगाडि बढाइएको छ । पहिलो प्याकेजअन्तर्गत उदीपुरबाट तनहुँको मार्कीचोक हुँदै नयाँ भरतपुर सबस्टेसनसम्मको करिब ६८ किलोमिटर प्रसारण लाइन निर्माणाधीन छ। यसखण्डमा पर्ने १९९ वटा टावरमध्ये १२५ वटाको जग हालिएको छ । ६५ वटा टावर खडा गरिएको छ । बाँकी स्थानमा काम भइरहेको छ । दोस्रो प्याकेजअन्तर्गत लमजुङको उदीपुर र चितवनको भरतपुरमा २२० केभीका सबस्टेसन निर्माण सम्पन्न भइसकेका छन् । तेस्रो प्याकेजअन्तर्गत धारापानी-खुदी- उदीपुर ४६ किलोमिटर प्रसारण लाइन र धारापानी तथा खुदी सबस्टेसन निर्माणाधीन छन् । खुदी-उदीपुर करिब १६ किलोमिटर प्रसारण लाइन खण्डमा १७ वटा टावरको जग हालिएको छ भने ८ वटा खडा गरिएको छ ।

यस खण्डअन्तर्गत बेशीसहर नगरपालिका-८का केही स्थानीय बासिन्दाले प्रसारण लाइनको मार्ग परिवर्तन गर्नु पर्ने र यदि लाइन नसार्ने भएमा मार्गाधिकारमा पर्ने जग्गाको शतप्रतिशत क्षतिपूर्ति दिनु पर्ने माग राख्दै विगत दुई वर्षदेखि निर्माणमा अवरोध गर्दै आएका छन् । उक्त स्थानमा १२ वटा टावर निर्माण गर्नु पर्ने छ । टावर निर्माणका लागि जग्गा अधिग्रहणका लागि मुआब्जा रकम निर्धारण भई करिब ८० प्रतिशत जग्गाधनीले रकम बुझिसकेका छन् । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले लमजुङका प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङलाई भेटी खुदी-उदीपुर खण्डमा देखिएको समस्या समाधानका लागि आवश्यक सहयोग र सहजीकरण गरिदिन अनुरोध गरे ।

'दुई वर्षदेखि निर्माणमा अवरोध छ, हाम्रोतर्फबाट स्थानीयका जायज माग पूरा गर्ने प्रतिबद्धता पटक-पटक जनाउँदै सोही बमोजिम काम पनि गरिरहेका छौं, यस्तो महत्वपूर्ण प्रसारण लाइन निर्माण अब रोक्न सकिँदैन यसका लागि आवश्यक सहयोग सहजीकरण गरिदिनु पर्यो', उहाँले प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरे ।

निर्माणमा देखिएको अवरोध हटाउन स्थानीय प्रशासनकातर्फबाट सहजीकरण तथा समन्वय भइरहेको उल्लेख गर्दै प्रमुख जिल्ला अधिकारी गुरुङले राष्ट्रिय प्राथमिकता प्राप्त प्रसारण लाइन निर्माणमा आवश्यक सहयोग गरिने बताए । खुदी-धारापानी खण्ड प्रसारण लाइन निर्माणका लागि अधिग्रहण गरिने निजी जग्गाको मूल्यांकनको प्रक्रियामा छ। यस खण्डमा भौगोलिक रुपमा विकट र चुनौतीपूर्ण स्थानमा प्रसारण लाइन निर्माण गर्नुपर्ने छ । नेपाल सरकार तथा प्राधिकरणको लगानी र युरोपेली लगानी बैंक (इआइबी) को सहुलितपूर्ण ऋणमा निर्माणाधीन आयोजनाको समग्र अनुमानित लागत करिब १६ अर्ब रुपैयाँ छ ।

# लन्डनको डब्लयूटीएममा नेपालको सहभागिता



**काठमाडौं/मस –** नेपाल पर्यटन बोर्डको नेतृत्वमा नेपालले लन्डनमा आयोजना गरिएको 'वर्ल्ड ट्राभल मार्केट २०२४' (डब्ल्यूटीएम) मा सहभागिता जनाएको छ । वर्ल्ड ट्राभल मार्केट-२०२४ मा नेपालले साहसिक यात्रा, सांस्कृतिक विविधता, र दिगो पर्यटनका लागि अग्रणी गन्तव्यको रुपमा आफ्नो उपस्थिति जनाउँदै गर्दै विश्व पर्यटन उद्योगको ध्यान आकर्षित गरेको छ। नेपाल पर्यटन बोर्डले गौरवपूर्वक आफ्नो ४० वर्षको सहभागिता वर्षको उत्सव मनाउँदै, विश्व पर्यटन क्षेत्रमा लामो समयदेखिको योगदानलाई निरन्तरता दिएको हो। १८४ देशहरुबाट ४३ हजार सहभागीहरु, ३ हजार ८७५ प्रदर्शकहरु सहभागी, डब्ल्यूटीएममा ८२ वटा सम्मेलन सत्रहरु आयोजना गरिएको थियो। हालै लोन्ली प्लानेटद्वारा २०२४ का लागि बेस्ट इन ट्राभल गन्तव्यका रुपमा घोषित भएपछि यस वर्ष डब्लयूटीएममा नेपालको उपस्थिति थप महत्वपूर्ण बनेको छ। यसले विश्वभरका यात्रुहरु र पर्यटन व्यवसायीसामु नेपालको अनौठो सम्पदाहरुलाई प्रस्तुत गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ। वर्ल्ड ट्राभल मार्केटमा नेपालको सहभागिताले नेपाललाई उच्च सम्भावनायुक्त बजारसँग प्रत्यक्ष संलग्न हुन सघाउने र यसले नेपाललाई शीर्ष अन्तर्राष्ट्रिय गन्तव्यहरुको साथ उभ्याउने नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख दीपकराज जोशीले बताए। उनले नेपालको यो सहभागिताले नयाँ व्यावसायिक अवसरहरु विकास गर्दै, हाम्रो समृद्ध संस्कृति, अनुपम प्राकृतिक दृश्य, र पर्यावरणमैत्री पर्यटनमा रुची राख्ने वातावरणीय सजग यात्रुहरुसँग सम्बन्ध स्थापित गर्ने अनौठो अवसर प्रदान गर्ने समेत बताए।

'लोन्ली प्लानेटले नेपाललाई बेस्ट इन ट्राभल गन्तव्यका रुपमा सम्मानित गरेको छ। लोन्ली प्लानेटको यो मान्यताले नेपालको पर्यटन सेवाहरुलाई थप विश्वसनीयता प्रदान गर्दै, प्रतिस्पर्धी गन्तव्यहरुबाट यसलाई अलग बनाउँछ। डब्ल्यूटीएममा नेपालको सहभागिताले देशका अनुपम परिदृश्यहरु प्रख्यात हिमालदेखि प्राचीन सांस्कृतिक स्थलहरुलाई समेटेको छ। यसले आगन्तुकहरुलाई नेपाली सम्पदाका विशिष्ट तत्वहरुसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने अवसर दिएको छ', जोशीले भने।

नेपाल विश्वका लागि नेपाल आकर्षक गन्तव्यका रुपमा रहिरहेको सन्दर्भमा नेपाललाई साहसिक यात्रा, अध्यात्म र सम्पदाको संयोजनको गन्तव्यका रुपमा थप परिचित र बलियो छबी बनाउने कार्यमा यो सहभागिताले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। नेपालबाट डब्ल्यूटीएमा विभिन्न ट्रावल कम्पनीहरु, होटल र रिर्सोटहरुको सहभागिता रहेको थियो।

# सिटिजन्स बैंक र लेमन ट्री प्रिमियरबीच समझदारी

**काठमाडौं/मस–** सिटिजन्स बैंक इन्टरनेशनलका ग्राहकले काठमाडौं बुढानीलकण्ठ स्थित लेमन ट्री प्रिमियरमा छुट पाउने भएका छन्। बैंक र लेमन ट्री बीच भएको समझदारीअनुसार बैंकका ग्राहकले छुट पाउने भएका हुन्।

बीच सिटिजन्स बैंकका ग्राहकहरुलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स




बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरुले लेमन ट्री प्रिमियरमा २० प्रतिशतसम्मको छुट पाउने छन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको जनाएको छ।

# विपद् व्यवस्थापनका लागि नेपाल चेम्बर र जापानी निकायबीच सहकार्य

**काठमाडौं/मस –** नेपाल चेम्बर अफ कमर्स र जापानी निकायबीच विपद् व्यवस्थापनका लागि सहकार्य हुने भएको छ । भूकम्प, बाढी, पहिरो लगायतका विपद्जन्य घटनामा विपद् व्यवस्थापन प्रतिकार्य एवं राहत र उद्धार तथा पुर्नस्थापनाबारे सहकार्य गर्न चेम्बर र जपानको अर्वान रेजिलेन्स रिसर्च सेन्टर, ओसाका मेट्रोपोलिटिएन सिटी, युरेक तथा इभा नेपाल संस्थाबीच सहकार्यको समझदारी भएको हो ।




काठमाडौंको जमलस्थित चेम्बर भवनमा आयोजित कार्यक्रममा विपद व्यवस्थापन पूर्वतयारीका लागि सहकार्य शुरु भएको चेम्बरद्धारा जारी विज्ञप्तिमा उल्लेख छ । यसका लागि जापानको प्राविधिक सहयोग, एवं जनचेतनाका लागि सहकार्य गर्ने विषयमा सहमति भएको छ। जोखिम पूर्वतयारी, तथा समग्र विपद् व्यवस्थापनका विषयमा स्थानीय स्तरमा नागरिकको प्रत्यक्ष सहभागिता हुने गरी कार्यक्रमहरु सञ्चालन गर्न लागिएको चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले जानकारी दिए।

प्राकृतिक प्रकोपबाट नागरिकले कष्ठ पाईरहेको अवस्थामा जापानी संस्थासँगको सहकार्यमा विपद् व्यवस्थापन कार्यका लागि चेम्बरले पहल गरेको अध्यक्ष अग्रवालले बताए। चेम्बरका निर्वतमान अध्यक्ष राजेन्द्र मल्लले वास्तविक तथ्याङकको अभावमा पनि उद्धार राहत तथा पुर्नस्थापना कार्यमा प्रभावकारी परिणाम हासिल गर्न चुनौती रहेको बताए। जापानी निकायसँगको प्राविधिक सहकार्यमा वास्तविक लगत संकलन गर्न सकिने बताए।

चेम्बरका वरिष्ठ उपाध्यक्ष दिपक मल्होत्राले विपद् व्यवस्थापनमा जपानी संस्थाहरुसँग चेम्बरले गर्ने सहकार्यलाई स्थानीय तहसम्म पुऱ्याईने बताए। सो कार्यक्रम चेम्बरले ५ वर्ष अघि नै शुरु गर्ने तयारी गरेपनि कोभिडका कारण प्रभावित भएको वरिष्ठ उपाध्यक्ष मल्होत्राले बताए। जापानी संस्थासंगको प्राविधिक सहयोग एवं सहकार्यमा विपद् पूर्वतयारी एवं जनचेतनालाई प्रभावकारी बनाईने उनको भनाइ छ।

अर्वान रेजिलेन्स रिर्सच सेन्टरका प्राध्यापक डा. इकुटा एसुकेले विपद व्यवस्थापन सम्वन्धी सम्पुर्ण कार्यक्रममा बढी भन्दा बढी जनसभागिता हुनुपर्नेमा जोड दिए । रेजिलेन्स रिर्सच सेन्टर मार्फत विपद व्यवस्थापन प्रतिकार्य सम्वन्धी जनचेतना अभिवृद्धि एवं प्राविधिक सहयोगका लागि चेम्बरसँग सहकार्य गर्न पाउँदा खुसी लागेको उनले बताए।

# प्राइम बैंकको डीजीएममा सुमितबाबु खत्री

**काठमाडौं/मस –** प्राइम कमर्सियल बैंकको नायव महाप्रबन्धक (डीजीएम)मा सुमितबाबु खत्री नियुक्त भएका छन्। कात्तिक २० गतेदेखि लागू हुनेगरी बैंकको डीजीएममा खत्री नियुक्त भएका हुन्। खत्रीले बैंकिङ क्षेत्रमा विगत २४ वर्षदेखि काम गर्दै आइरहेका छन्।




सिटिजन्स बैंकको स्थापनाकालदेखि नै कार्यरत खत्री यस अघि बैंकको वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत (सिनियर डीसीईओ) पदमा कार्यरत थिए। खत्री बैंकिङ क्षेत्रमा कर्जा विज्ञको रुपमा परिचित रहेका छन्। खत्रीले देशको ठूला ठूला भौतिक निर्माण आयोजनाहरुमा बैकिङ कर्जा व्यवस्थापनमा दक्ष मानिन्छन्।


## UAE मा रोजगार

कम्पनी: TECHNOSTEEL METAL COATING AND FABRICATION L.L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६३० L.T. No.: 313233

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labor | 6 | 0 | स. काममा दक्ष | 800 | २९,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १३१५/०७४/०७५

**Bishojyoti Hr Solution Pvt. Ltd.**

Chakrapath -3, Kathmandu Nepal.| Tel: 01-4016667| Email:-info@bhrsolution@gmail.com

## कुबेतमा रोजगार

कम्पनी: ARABI COMPANY शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०७/२० चलानी नं.: ६०२२७५०५ L.T. No.: 313138

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Technicians | 20 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६१३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Diesel Mechanics | 10 | 0 | | 160 | ७०१४४ | | | | | | | |
| 3. | Diesel/petrol Mechanics | 5 | 0 | | 160 | ७०१४४ | | | | | | | |
| 4. | Fire Fighting Supervisor | 5 | 0 | | 180 | ७८९१२ | | | | | | | |
| 5. | Generator Mechanic | 5 | 0 | | 160 | ७०१४४ | | | | | | | |
| 6. | Heavy Driver /driver | 10 | 0 | | 150 | ६५७६० | | | | | | | |
| 7. | Light Driver | 20 | 0 | | 140 | ६१३७६ | | | | | | | |
| 8. | Maintenance Electrical Technician | 10 | 0 | | 140 | ६१३७६ | | | | | | | |
| 9. | Plumber. | 10 | 0 | | 140 | ६१३७६ | | | | | | | |
| 10. | Store Helper | 10 | 0 | | 130 | ५६९९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १ देखि ८ गतेसम्म (16 to 23 November 2024) मा हुनेछ ।

कम्पनी: LIGHT QAMAR LADIES BEAUTY SALON शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६३१ L.T. No.: 313224

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 12 | स. काममा दक्ष | 150 | ६५,८४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १ गते (16 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

**SHARON MANPOWER SERVICES PVT. LTD.**

P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713



## डोल्पो बुद्ध गाउँपालिका

དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྐྱི་ཁྲབ་ལྷན་ཁང་།

**Dolpa Buddha Rural Municipality**

## गाउँ कार्यपालिकाको कार्यालय

**धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०७/२४**

यस कार्यालयबाट मिति २०८१/०५/२० गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमका कार्यमा पर्न आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपशिलका फर्महरुको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | बोलपत्र/ठेक्का/प्याकेज न. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १. | DBRM/DOLPA/WORKS/NCB/01-081/082 | धो स्वास्थ्य चौकी मर्मत तथा ब्यबस्थापन | श्री जिनिव निर्माण सेवा, ठुलीभेरी न.पा.-०३, डोल्पा | रु.११,९२,००९।४४ (अक्षरेपी एघार लाख बयानब्बे हजार नौ रुपैया र पैसा चौवालिस मात्र) |
| २. | DBRM/DOLPA/WORKS/NCB/02-081/082 | निलुङ सिँचाइ कुलो निर्माण | श्री खाम्पा बिल्डर्स प्रा. लि., जग्दुल्ला गा.पा.-०४, डोल्पा | रु.४९,३८,३०५।६८ (अक्षरेपी उनान्पचास लाख अठ्तिस हजार तिन सय पाचँ रुपैया र पैसा अठ्सठ्ठी मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
२४ कात्तिक २०८१, शनिबार
9 November 2024, Saturday

# बकस अफिस समाचार



## 'पूर्णबहादुरको सारङ्गी'ले ८ दिनमा कमायो ११ करोड

'पूर्णबहादुरको सारङ्गी'ले बिहीबार नेपालभरका हलमा तीन सय ८० भन्दा बढी 'शो' पाएको थियो । यसले नेपाली चलचित्र इतिहासमा एकैदिन सबैभन्दा धेरै 'शो' पाउने नेपाली चलचित्रको रेकर्डसमेत बनाएको चलचित्र निर्माण कम्पनी सेभेन सिसले जनाएको जनाएको छ ।

**काठमाडौं/मस–** गत सातादेखि प्रदर्शनमा आएको नेपाली चलचित्र 'पूर्णबहादुरको सारङ्गी'ले प्रदर्शनको आठ दिन बिहीबारसम्म देशव्यापी ११ करोड १० लाख रुपैयाँ ग्रस कमाइ गरेको छ । वितरण कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टले शुक्रबार फिल्मको कमाइ सार्वजनिक गरेको छ ।

फिल्मको उक्त कूल कारोबारमा ९ करोड ५० लाख रुपैयाँ नेट र ४ करोड ७५ लाख रुपैयाँ निर्मातालाई शेयर हुन आउँछ । ब्यांकटेस इन्टरटेनमेन्टका प्रमुख मनोज राठीले दोस्रो साता फिल्मको कमाइमा अझै बढोत्तरी हुने प्रक्षेपण आफूले गरेको बताए ।

बिहीबार फिल्मले २ करोड ८५ लाख ग्रस कमाएको छ । उनका अनुसार शुक्रबार देशव्यापी साढे २ करोड र शनिबार ३ करोड माथि कलेक्सन हुने प्रक्षेपण छ ।

'पूर्णबहादुरको सारङ्गी'ले बिहीबार नेपालभरका हलमा तीन सय ८० भन्दा बढी 'शो' पाएको थियो । यसले नेपाली चलचित्र इतिहासमा एकैदिन सबैभन्दा धेरै ' शो' पाउने नेपाली चलचित्रको रेकर्डसमेत बनाएको चलचित्र निर्माण कम्पनी सेभेन सिसले जनाएको जनाएको छ ।

चलचित्रको मुख्य भूमिकामा रहनुभएका कलाकार विजय बरालले काठमाडौं उपत्यकामा एक सय ८० र उपत्यका बाहिरका दुई सय गरी देशभरका ८९ हलमा तीन सय ८० भन्दा बढी 'शो' पाएर चलचित्र उत्साहजनक रूपमा प्रदर्शन भइरहेको जानकारी दिए ।

सरोज पौडेलको लेखन तथा निर्देशन रहेको चलचित्रमा बराल मुख्य भूमिकामा रहेका छन् भने प्रकाश सपूत, मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, आलिस बास्तोला, स्वयम केसी, जान्वी पौडेललगायतको यसमा अभिनय रहेको छ ।

सेभेन सिस सिनेमा र बासुरी फिल्मस्को प्रस्तुति रहेको चलचित्रको निर्माता विनोद पौडेल र प्याट्रिक सुवेदी तथा कार्यकारी निर्मातामा रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल रहेका छन् ।

यो चलचित्र गन्धर्व परिवारको कथावस्तुमा आधारित छ । चलचित्रले एउटा बुबाले छोराको सफलताका लागि गरेको संघर्षको कथा समेटेको छ ।

## 'अञ्जिला'को वर्ल्ड प्रिमियर हङकङमा हुने





**काठमाडौं/मस–** महिला राष्ट्रिय फुटबल टिमकी कप्तान तथा गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनमा आधारित भएर बनेको फिल्म 'अञ्जिला' आगामी फागुन २९ गतेबाट प्रदर्शनमा आउने भएको छ । यसमा उनी स्वयंले आफ्नो भूमिकामा अभिनय गरेकी छन् । एन्जिलाले पोस्टर सार्वजनिक गर्दै उक्त मितिमा फिल्म प्रदर्शनमा आउने उल्लेख गरेकी छन् ।

राष्ट्रिय अवार्ड विजेता मिलन चाम्सको निर्देशनमा तयार भएको 'अञ्जिला'को नेपाल प्रदर्शनभन्दा झन्डै तीन महिना अगाडि हङकङमा वर्ल्ड प्रिमियर गरिने भएको छ । आगामी मंसिर २३ (डिसेम्बर ८)मा हङकङमा फिल्मको प्रिमियर निश्चित भएको निर्देशक चाम्सले जानकारी दिए । प्रिमियरमा क्याप्टेन एञ्जिला पनि उपस्थित हुनेछिन् । हङकङपछि फिल्मलाई बेलायत, अमेरिका, अस्ट्रेलिया र जापानमा स्क्रिनिङ गरिने निर्माता प्रेम श्रेष्ठले जनाए । फिल्मको शीर्ष भूमिकामा सुब्बा आफैं देखिएकी छन् । यसबाहेक सुनिल थापा, दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ र बुद्धि तामाङले पनि अभिनय गरेका छन् ।

एञ्जिलाको जन्मथलो इलामको आइतबारे, झापा र काठमाडौंमा छायाँकन गरिएको छ । मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा बनेको फिल्मका निर्माता प्रेम कुमार श्रेष्ठ हुन् भने टुबेन्द्र लिम्बु, विनोद अग्रवाल र राजेश बगडिया सह-निर्माता हुन् ।

## 'तेल भिसा'को ट्रेलर : अमेरिका पुगेका बाबु-आमा र सन्तानको कथा



**काठमाडौं/मस–** फिल्म 'तेल भिसा'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट ३८ सेकेण्ड लामो ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । ट्रेलरले सुत्केरी बुहारी स्याहार्न नेपालदेखि अमेरिका पुगेकी एक सासूको उल्झनको कथा भन्छ ।

अभिनेता विपिन कार्की दोहोरो भूमिकामा छन् । उनले बाबु र छोराको भूमिका निभाएका छन् । आमा अर्थात् सासूको भूमिकामा पूजा चन्द देखिएकी छन् । बुहारी (वर्षा राउत) गर्भवती भएपछि उनलाई स्याहार्न सासू अमेरिका पुग्छिन् । तर त्यहाँ उनले अध्यागमनको झमेला व्यहोर्नुपर्छ । त्यसपछि उनको कानूनी लडाइँ शुरु हुन्छ । अध्यागमन अदालतले उनलाई जेलमा पठाउँछ । उनी कसरी त्यहाँबाट छुट्लिन् ? फिल्मको ट्रेलर यही सेरोफेरोमा घुमेको छ ।

फिल्ममा शंकर घिमिरेको लेखन तथा निर्देशन छ । यो उनको १२ वर्षपछिको कमब्याक फिल्म हो । सुशन प्रजापतिको छायांकन रहेको फिल्ममा विपिन र पूजासहित वर्षा राउत, ऋचा घिमिरे, बुद्धि तामाङ, सुचित्रा उप्रेतीसहित अमेरिकी कलाकारहरुको पनि अभिनय छ । ऋचा घिमिरे प्रस्तुतकर्ता रहेको फिल्मको निर्मातामा अनिल पाण्डे र शिवराज कार्की छन् भने प्रिन्स युवराज कार्की र श्रुती दाहाल कार्यकारी निर्माता हुन् ।

ट्रेलर रिलिज कार्यक्रममा निर्देशक घिमिरेले पहिला आफूले बनाएका फिल्ममा भएको कमी-कमजोरी 'तेल भिसा'मा नदोहोऱ्याएको दाबी गरे । फिल्मकी निर्मात्री तथा कलाकार ऋचा घिमिरेले अघिल्ला फिल्मबाट थुप्रै पाठ सिकेर यो फिल्मको कथा मिहिनेत गरेको सुनाइन् ।

## गायक थापाको 'कुनै दिन त' सार्वजनिक




**काठमाडौं/मस–** लोकप्रिय गायक नारायण थापाको नयाँ गीत 'कुनै दिन त' सार्वजनिक भएको छ । चर्चित गीतकार डा. कृष्णहरि बरालको शब्द रचना रहेको उक्त गीत हिजो शुक्रबार आभूषण इन्टरटेनमेन्टमार्फत काठमाडौंमा सार्वजनिक गरिएको हो ।

गीतमा गैरे सुरेशको संगीत, महाराज थापाको एरेञ्ज, किशोर थापाको मिक्सिङ मास्टरिङ रहेको छ भने कमल सिंह, जीवन आचार्य र सुस्मिता अधिकारीको अभिनय गरेका छन् । बुद्ध थापाको छायाँकन र विकाश दाहालको सम्पादन रहेको 'कुनै दिन त'को निर्देशन प्रकाश धितालले गरेका हुन् ।

त्यसो त केही दिनअघि पनि लगातार रुपमा गायक थापाको स्वरमा सजिएका गीत 'तिहार राम्रो', 'रातभरि', 'परिणाम नखोज' र 'सोह्रै सिंगार' आइसकेका छन् भने 'आफू बर्बाद भएर', 'हर प्रहर प्रहार छ', ' यो हावा चञ्चल हुन्छ', 'खतरा होला नि', 'मायाले', 'गाउँ फर्क', 'दिल आफ्नै थियो'लगायत आउने तयारीमा छन् ।

पछिल्ला दिनमा देशव्यापीरुपमा विभिन्न मेला-महोत्सवका सांस्कृतिक कार्यक्रमहरूमा व्यस्त रहेका गायक थापाले ६ दर्जनभन्दा बढी गीतमा स्वर दिइसकेका छन् । उनको 'अजम्बरी' (२०७२), 'परिवेश' (२०७७) र 'आकर्षण' (२०७९) एल्वम बजारमा आइसकेका छन् भने चौथो एल्वम ' आभूषण' सार्वजनिकको पर्खाइमा छ ।

यस अर्थमा त गायक थापालाई विभिन्न दर्जनौं सरकारी-गैर सरकारी संस्थाले अभिनन्दन, पुरस्कार र अवार्ड सहित सम्मानित गरेका हुन् । 'राष्ट्रिय वर्ष व्यक्ति सम्मान-२०७८', 'राष्ट्रिय संगीतकर्मी सम्मान-२०७९', 'नेपाल म्युजिक एण्ड फेसन अवार्ड सम्मान-२०२२', 'राष्ट्रिय व्यक्तित्व तथा प्रतिभा सम्मान-२०८०', 'सगरमाथा कला सम्मान-२०८०', 'राष्ट्रिय विलक्षण प्रतिभा सम्मान', 'राष्ट्रिय व्यक्तित्व सम्मान-२०८१', 'जिनियस म्युजिक अवार्ड-२०७८', 'नेपाल आर्ट कल्चर एण्ड मुभिज् अवार्ड-२०७८', '४औं म्युजिक एण्ड फेसन अवार्ड-२०२३', 'स्पर्स म्युजिक अवार्ड-२०२३', छैटौं सगरमाथा म्युजिक अवार्ड-२०८१', '११औं नेपाल-अफ्रिका फिल्म फेस्टिभल-२०२३' (निर्णायक), '११औं म्युजिक खवर म्युजिक अवार्ड-२०८१' (निर्णायक), 'विशेष नागरिक अवार्ड तथा स्रष्टा सम्मान-२०८१' (निर्णायक) आदिले यही पुष्टि गर्छ ।

## काठमाडौंमा गुञ्जिँदै 'कन्दरा'

**काठमाडौं/मस–** पछिल्लो समय नेपाली गीत संगीतमा सांगीतिक समूहको सक्रियता बढ्न थालेको छ । 'नेपथ्य', '१९७४ एडी' लगायतका सांगीतिक समूहले विश्व भ्रमण गरिसक्दा पोखरेली लोकपप रक सांगीतिक समूह 'कन्दरा ब्याण्ड'ले नेपालबाट भ्रमणको शुरुवात गर्दैछ ।




आफ्नो ३२ वर्षको सांगीतिक यात्रामा पहिलोपटक काठमाडौंमा गुञ्जिँदै 'पहिले घरदेश, अनि परदेश' अभियान शुरू गरिने 'कन्दरा ब्याण्ड'का गायक (भोकलिस्ट) विवेक श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'हामीले संगीत रुचाउने युवाको समूह स्थापना गरेर विश्वभर प्रस्तुति (कन्सर्ट) दिए तापनि काठमाडौंमा पहिलोपटक गुञ्जिँदै छौं । हामीले यहाँ एउटा पनि कार्यक्रम गरेका थिएनौं, हामी आफैं अच्मित छौं । त्यसकारण यो विश्व भ्रमणको शुरुवात काठमाडौंबाट गर्ने भएका छौं, यो प्रस्तुति अविष्मरणीय बनाउन हामीले कुनै कसर बाँकी राख्ने छैनौं ।'

कन्दराले शनिबार ठमेलस्थित एक क्लबमा आफ्नो सांगीतिक प्रस्तुति दिँदैछ । त्यसपश्चात् चितवन, बुटवल र नेपालगञ्जमा दिने तय भएको गायक श्रेष्ठले जानकारी दिए । नेपालपछि आउँदो वर्ष सन् २०२५ मा प्रस्तुतिका लागि विश्व भ्रमणमा निस्किने छ । यस समूहमा 'ड्रम्स'मा सुनील थापा, 'लिड गितार'मा देव लामा छन् ।




## 'साङ्केनको खुलदुली' सर्वोत्कृष्ट

काठमाडौं/मस- बालसाहित्यले सामाजिक सद्भाव, सांस्कृतिक अन्तर्घुलन, प्रकृतिसँग तादात्म्य, श्रमप्रति सम्मान भाव, आत्मविश्वास जस्ता अनेकौं पाटामा सकारात्मक परिवर्तन ल्याउन सक्छ । बालसाहित्यले उनीहरूको जीवनपद्धति सभ्य शिष्ट भइ सोच्ने क्षमता बढाउँछ । प्राणीहरूप्रति सहिष्णु रहेर देशप्रेमी भावना जागृत गराउँछ । सिर्जना र साहित्य कहिल्यै पनि बासी हुन्न, त्यसमाथि बालसाहित्य सदाबहार हुने गर्दछ ।

यही सदाबहार साहित्यको रूपमा रहेको बालसाहित्यप्रति पछिल्लो पुस्ताकी लेखिका सिर्जना राईको कृति 'साङ्केनको खुलदुली'ले सर्वोत्कृष्ट बालपुस्तक लेखन पुरस्कार प्राप्त गरेको छ । कोपिला किताबबाट प्रकाशित पुस्तक 'साङ्केनको खुलदुली'ले २०७९ सालको नेपाल बालसाहित्य समाज सर्वोत्कृष्ट बालपुस्तक लेखन पुरस्कार प्राप्त गरेको हो ।

गीति लेखनमा समेत आफूलाई अब्बल सावित गरिसकेकी खोटाङकी स्रष्टा सिर्जना राईले आफ्नो शब्द, संगीत र स्वरमा लोकप्रिय गायक राजेशपायल राईसँग सहकार्य गरिसकेकी छन् । बुवा टेक बहादुर राई र आमा इन्द्रकुमारी राईको ४ सन्तानमध्यकी कान्छी सन्तान सिर्जना खोटाङको दिप्लुङ १ केराबारी, 'जन्तेढुङ्गा ६' मा जन्मेर पढाईको सिलसिलामा राजधानी प्रवेश गरेकी थिइन् । उनले पढाइसँगै गीत, संगीत र साहित्य लेखनलाई पनि निरन्तरता दिदै आइरहेकी छन् ।

छापा र डिजिटल सञ्चारमाध्यममा सञ्चारकर्मको अनुभव बटुलेकी सिर्जनाका कविता २०७७ सालको प्रदेश नं १ नानी श्रष्टाहरुको संयुक्त कविता संग्रह अजम्बरी अक्षरहरुमा 'मानवताको खोजी' समावेस रहेको छ । आयोजक संस्था नेपाल बालसाहित्य समाजका अनुसार निकट भविष्यमै एक कार्यक्रमको आयोजना गरी पुरस्कृत श्रष्टाहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिने छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**